विज्ञापन बुकिङ तथा प्रकाशित गर्नु परेमा
Email: rajdhanimarketing76@gmail.com
सम्पर्क ०१-४८११०८०
बजार व्यवस्थापन विभाग
राजधानी न्युज पब्लिकेसन प्रा.लि
Ext. १०२, ११४

लोकप्रिय राष्ट्रिय दैनिक
www.rajdhanidaily.com

# राजधानी

वर्ष २४, अंक २५१ आइतबार ११ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Sunday 23 February 2025 | पृष्ठ : ८ | मूल्य रु. १०/-

prabhu bank
BANK OF THE YEAR 2023

# बिक्दै नबिक्ने...

## प्रश्न सोधिरहन्छ,
## उत्तर खोजिरहन्छ ।


को
के
किन
कहाँ
कहिले
कसरी



मानिसलाई बाँच्नका निम्ति एक चिम्टा बल, आधार र प्रेम आवश्यक हुन्छ ।

• आदिकवि भानुभक्त आचार्य

लोकप्रिय राष्ट्रिय दैनिक

www.rajdhanidaily.com

# राजधानी

वर्ष २४, अंक २५१ आइतबार ११ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Sunday 23 February 2025 | पृष्ठ : ८ | मूल्य रु. १०/-



• ग्राहक बन्नुपरेमा
• नवीकरण गर्नुपरेमा
• ठेगाना परिवर्तन भएमा
• पत्रिका नियमित नआएमा

०१-४८११०८० बिहान १० बजेदेखि साँझ ५ बजेसम्म, Ext. 108, 112

राजधानी न्युज पब्लिकेशन प्रा.लि.
rajdhani_circulation@yahoo.com


# ३८ वर्ष पुरानो भ्रष्टाचार मुद्दा बल्ल टुंगो लाग्यो

• ३ हजार ७ सय ३० रुपैयाँ हिनामिनामा रोल्पा खाद्य डिपोका तत्कालीन प्रमुख केसी भ्रष्टाचारी ठहर



**निराजन पौडेल/राजधानी**
काठमाडौं, १० फागुन

विशेष अदालतले करिब ३८ वर्ष पुरानो खाद्य संस्थानको भ्रष्टाचार मुद्दा टुंग्याएको छ। खाद्य संस्थानले रोल्पामा उसिना मोटा चामल बिक्री गर्दा प्राप्त पैसा हिनामिना भएको भ्रष्टाचार मुद्दा ३८ वर्षपछि टुंगो लागेको हो। जिल्ला अदालत रोल्पाले आफ्नो क्षेत्राधिकार नभएको भन्दै विशेष अदालतमा पठाएको रोल्पा खाद्य संस्थानको भ्रष्टाचार मुद्दामा डिपोका प्रमुख छविलाल केसी दोषी ठहरसमेत गरेको छ। २०४३ सालमा विशेष प्रहरी विभागले रोल्पा जिल्ला अदालतमा खाद्य संस्थानको भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले छविलाल केसीले खाद्य संस्थानको रकम लापरबाही र बदनियतपूर्वक हिनामिना गरेर हानिनोक्सानी पुऱ्याएको देखिएको भन्दै डिपो प्रमुख केसीलाई दोषी ठहर गरेको छ। अदालतले ३ हजार ७ सय ३० रुपैयाँ भ्रष्टाचार भएको ठहर गरेको छ।

विशेष अदालतले उनीबाट असुल हुने रकम अहिलेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा बुझाउनू भनी आदेश गरेको छ। खाद्य संस्थान अहिले खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा रूपान्तरण भएको छ। अनि, डिपो प्रमुख केसीबाट त्यति नै रकम जरिमाना भराउनुपर्ने आदेश भएको छ। विशेष अदालतले प्रेमनाथ योगीलाई भने सफाइ दिएको छ। फैसलामा भनिएको छ, 'आफू बिदामा बस्दा अर्को कर्मचारीलाई दायित्व जिम्मा सारी सदनियतले कार्य गरेको स्थितिमा आफैंले रकम लिए, खाए वा नमासेसम्म कसुरदार ठहर गर्न न्यायोचित हुँदैन।'

विशेष अदालतले १६ माघ २०८० मा मुद्दाको फैसला गरेको हो। त्यसको पूर्णपाठ हालै सार्वजनिक भएको छ। विशेष अदालले फैसलामा भनेको छ, 'विवादको रकम दाखिला नगरी हिनामिना गरेको भन्ने आधारमा प्रतिवादी छविलाल केसीले आरोप दाबीबमोजिमको कसुर गरेको ठहर भएको छ।'

बाँकी पृष्ठ ५ मा ▸▸

## ▸▸ यसरी भएको थियो हिनामिना

चामल बिक्रीबापत रोल्पाको खाद्य डिपोले ३ हजार ७ सय ५ रुपैयाँ आम्दानी गरेको थियो। त्यतिबेला नेपाल खाद्य संस्थानका सुलिचौर डिपोका प्रमुख छविलाल केसी थिए भने बैतडीका प्रेमनाथ योगी क्लर्कको रूपमा काम गर्थे। चामल बिक्रीपछि क्लर्क योगीले ५ रुपैयाँका दरले पाँचवटा जुटको बोरा बेचेर थप २५ रुपैयाँ आम्दानी गरेका थिए। सोही वर्षको १ माघमा खाद्य संस्थानको उपशाखाले लेखेको पत्रअनुसार, तत्कालीन क्लर्क योगीले आम्दानी भएको रकम बैंक दाखिलाका लागि दस्तखत गरेर लिएका थिए। तर, अपर्झट घरायसी काममा जानुपरेपछि उनले सो रकम डिपो प्रमुख केसीलाई दिएर लिबाङस्थित बैंकमा जम्मा गरिदिन आग्रह गरेका थिए। तर, डिपो प्रमुख केसीले बैंकमा रकम दाखिला नगरी आफूखुसी हिनामिना गरे। त्यसपछि उनले र क्लर्क योगीले संस्थानलाई ठगेको भनी २०४४ साल कात्तिकमा प्रहरीमा जाहेरी पऱ्यो।

आफूले बुझाउनुपर्ने रकम बाँकी नराखेकाले डिपो प्रमुखबाटै रकम असुल्नुपर्ने भनी योगीले डिपो प्रमुख केसीको नाम पोलेर निवेदन दिए। त्यतिबेलासम्म डिपो प्रमुख केसी आफ्नो जिम्माको सामान बरबुझारथ नगरी हिँडेका थिए। पछि पक्राउ परेका उनी चैत २०४३ मा प्रहरी हिरासतबाट भागेर बेपत्ता भए। जिल्ला प्रहरी कार्यालय, रोल्पाले २०५१ जेठमा ठगी मुद्दा नभई भ्रष्टाचारको अभियोगमा कारबाही हुनुपर्ने भनी सरकारी वकिलको कार्यालयलाई पत्र लेखेको थियो। विशेष प्रहरी विभागले आरोपितहरूलाई पक्राउ गरेर हाजिर गराएको थिएन। दुवै जनालाई पक्राउ गरी भ्रष्टाचारमा कारबाही हुनुपर्ने भनी जिल्ला अदालत रोल्पामा अभियोगपत्र दायर भयो। त्यसपछि जिल्ला अदालतले उनीहरूलाई झिकाउन आदेश दियो। आरोपितहरू पक्राउ नपरेपछि ६ असोज, २०५२ मा मुद्दा मुल्तबीमा राख्ने निर्णय गऱ्यो। कुनै मुद्दाको कारबाही अघि नबढ्ने स्थिति भएमा अलि लामो समयसम्म मुद्दा स्थगित गरेर राखिन्छ, जसलाई कानुनी भाषामा मुल्तबीमा राख्ने भनिन्छ। माओवादी द्वन्द्वबाट अति प्रभावित बनेको रोल्पामा त्यतिबेला पुरानो मुल्तबीको मुद्दा कसैको चासोमा परेन। २०५२ सालमा मुल्तबीमा राखेको मुद्दामा २७ वर्षपछि चासो बढ्यो। माघ, २०७९ मा जिल्ला अदालतले मुद्दालाई मुल्तबीबाट जगायो। अनि, मुद्दाको फाइल विशेष अदालतमा पठाउन आदेश दिएको थियो।

# सात सालको क्रान्ति र आजको नेपाल



अनारसिंह कार्की

२०८१ सालको प्रजातन्त्र दिवस बुधबार ७ फागुनमा मनाइयो। यसपटकको प्रजातन्त्र दिवस पूर्वराजाको सन्देशका केही वाक्यांशले गर्दा झन् बढी चर्चित भएको छ। निश्चय नै यो बहस अझ केही दिनसम्म चल्ने नै छ। हुन त २००७ सालको क्रान्ति र त्यसले ल्याएको परिवर्तनको उपलब्धिका बारे सुरुदेखि नै विवाद हुँदै आएको हो। खास गरेर नेपालका कम्युनिस्टहरूमा परिवर्तन आएको छ। उनीहरू पनि ७ फागुनलाई प्रजातन्त्र दिवसकै रूपमा कुनै पनि विवादबिना नै मान्न र मनाउन थालेका छन्।

संसारमा भएका कुनै पनि क्रान्तिले एकैपटक पूर्णता ल्याउँदैन अथवा पूर्णता पाउँदैन। त्यसले त अगाडि जानका लागि ढोका खोलिदिने काम गर्ने हो। बन्द ढोका खोलिदिएपछि अगाडिको गन्तव्य खोज्ने काम निरन्तर चल्नुपर्छ। त्यो क्रम ठीकसँगले चल्न सकेन भने अपेक्षित उपलब्धि हासिल हुन सक्तैन। हरेक क्रान्ति र परिवर्तनका आफ्ना सीमाहरू हुन्छन् भन्ने कुरालाई उपेक्षा गर्न हुँदैन। २००७ सालको क्रान्तिलाई अपूर्ण क्रान्ति हो, राणाको हातमा रहेको राज्यसत्तालाई राजाको हातमा ल्याएको 'वल्लो घरको नरे पल्लो घर सरे' जस्तो मात्रै हो भनेर विरोध गर्नेहरूलाई त्यस क्रान्तिका मुख्य नायक बीपी कोइरालाले '२००७ सालको क्रान्तिमाथि बढी लक्ष्य आरोपित गरेर आलोचना र विरोध गर्नेहरूले त्यस क्रान्तिको परिस्थिति, परिवेश र त्यसका वाहक शक्तिहरूका सीमालाई बुझ्ने कोसिस गर्दैनन्। त्यो परिस्थिति र परिवेशमा ती क्रान्तिका वाहकहरूले क्रान्तिको रथलाई त्यहाँभन्दा अगाडि लानै सक्तैन थिए' भनेका छन्। त्यस क्रान्तिले संविधानसभाको घोषणासमेत गराउनु त्यस बेलाको सानो उपलब्धि थिएन। संविधानसभालाई सफल हुन नदिनका लागि राजाको मात्रै दोष हो कि अरूको पनि छ? यसबारेमा पनि पर्याप्त अध्ययन-अनुसन्धान हुन जरुरी छ। अझ आफूलाई क्रान्तिकारी र आफूबाहेक अरू सबैलाई प्रतिक्रियावादी भन्ने कम्युनिस्टहरूको भूमिका के थियो भन्ने कुराको पनि खोजी हुन जरुरी छ। यथार्थमा धेरैवटा पार्टीका नेता र कम्युनिस्टका केही नेतासमेतको सहयोग र समर्थनमा २०१७ सालमा राजाले कदम चालेका थिए।

यदि सबै पक्षले इमानदारीपूर्वक क्रान्तिमा प्रतिबद्ध भएर संविधानसभाको निर्वाचन गराएको भए राजाले क्रान्तिमा साथ दिएको गुणमा अपवादबाहेक सबै नै राजसंस्थाको पक्षमा थिए। त्यसबेला संविधानसभाको चुनाव भएको भए निश्चय नै संवैधानिक राजतन्त्रको पक्षमा संविधान बन्ने थियो र राजसंस्थाको वैधता अझ मजबुत हुने थियो। त्यसो हुन दिइएन। हुन सक्छ १०४ वर्षसम्म बन्दीका रूपमा रहेर राणाले राज्यसत्तामा ढलिमली गरेको टुलुटुलु हेरेर बसेका राजालाई सम्पूर्ण बागडोर आफ्नो हातमा लिएर राणाहरूकै जस्तो शासन चलाउने इच्छा जागेको पनि हुन सक्छ र बीपीले 'तरुण'मा लेखेजस्तै राजा महेन्द्रले आधुनिक नेपाल निर्माणको एक्लै जस महत्त्वाकांक्षाले गरेको पनि हुन सक्छ। त्यसमा कांग्रेसका केही नेताबाहेक कांग्रेसकै ठूलो संख्या र अपवाद बाहेक अरू सबै पार्टीका नेताहरू पनि कम दोषी छैनन्।

सम्पूर्ण सत्ताको बागडोर आफ्नो हातमा लिएर इच्छाअनुसार शासन गर्ने इच्छा राजनीतिमा रहेका हरेकमा हुने मानवीय स्वभाव हो कि के हो, कुनै राजकाजको मुखै नदेखेको मानिसले पनि यदि चुनाव जितेर आएको छ भने मौका पाउनासाथ सम्पूर्ण शक्ति आफ्नो हातमा लिन खोज्छ भने राजाले त त्यसो गर्न खोज्नु अस्वाभाविक होइन। यसबारेमा उदाहरण खोज्न टाढा जानै पर्दैन। पहिलो संविधानसभा झन्डै बहुमत ल्याएको माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानसेतापतिलाई हटाएर सेनामा आफ्नो कब्जा जमाउने जुन प्रयास गरेका थिए, त्यो प्रयास सफल भएको भए नेपालमा अहिलेसम्म कस्तो प्रजातन्त्र हुन्थ्यो होला?

बाँकी पृष्ठ ५ मा ▸▸

# बाढीपहिरोबाट कम्तीमा ४६ अर्बको क्षति

• पुनर्निर्माणका लागि १८ अर्ब मात्र स्रोत सुनिश्चित



**पूर्णभक्त दुवाल/राजधानी**
काठमाडौं, १० फागुन

गत असोजको बाढीपहिरोबाट कम्तीमा ४६ अर्बको क्षति पुगेकामा पुनर्निर्माणका लागि सरकारले १८ अर्ब रुपैयाँका लागि मात्र स्रोत सुनिश्चित गरेको छ।

अर्थ मन्त्रालयले गत असोज दोस्रो साता गएको बाढीपहिरोबाट क्षति भएका सडक तथा पुल गरी २६ वटा आयोजना पुनर्निर्माणका लागि १८ अर्ब ८८ करोड रुपैयाँको स्रोत सहमति प्रदान गरेको हो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सो बेला १ सय ४६ वटा पुल क्षतिग्रस्त भएका थिए। अहिले सरकारले १३ वटा पुल मात्र पुनर्निर्माणका लागि बजेट सुनिश्चित गरेको छ। बाढीपहिरामा ७ वटा सिँचाइ आयोजना, २६ हाइड्रोपावरलगायत दर्जनौं सडक क्षतिग्रस्त भएका थिए।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट पुनर्निर्माणका लागि भइआएपछि अर्थ मन्त्रालयले आयोजना पुनर्निर्माणका लागि स्रोत सहमति प्रदान गर्ने निर्णय गरेको हो।

स्रोत सुनिश्चित भएका २६ वटा आयोजनामा १३ वटा सडक र १३ वटा पुल पुनर्निर्माणसँग सम्बन्धित आयोजना छन्। सडक पुनर्निर्माणमा बीपी राजमार्ग, मेची राजमार्ग, अरनिको राजमार्ग, कान्ति राजमार्गसहित १३ वटा आयोजना छन्।

त्यसैगरी, अर्थ मन्त्रालयले जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाको पुनर्निर्माण अघि बढाउन अस्थायी कार्यालय स्थापनाका साथै दरबन्दी सिर्जना गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सहमति प्रदान गरेको छ। अविरल वर्षाका कारण दसैंअगाडि १३ वटा पुल र २१ किलोमिटर सडक बगाएको थियो। सडक र पुलबाट राज्यलाई २५ अर्ब रुपैयाँबराबरको क्षति पुगेको थियो।

राष्ट्रिय स्तरका सडक र पुलमा मात्रै २ अर्ब ६७ करोड रुपैयाँको क्षति पुगेको र ४२ सडकखण्ड अझै अवरुद्ध रहेको बताइएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरेको प्रतिवेदनअनुसार २३ वटा प्रमुख मार्ग प्रत्यक्ष रूपमा अवरुद्ध भएका थिए।

प्राधिकरणका उपसचिव डा. डिजन भट्टराईले कल्भर्ट १, बेलिब्रिज २, पक्की ढलान पुल ६, आर्क ब्रिज १, स्टिल ट्रस १, ट्रेल ब्रिज २ गरी कुल ६ सय १० मिटरको पुल बगाएको जानकारी दिए।


**Bagmati Province Government**
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building Office**
**Dhulikhel, Kavreplanchok**

**INVITATION OF BIDS**

**First Date of Publication- 2081/11/11 BS( 2025/02/23 A.D)**

1. ***Urban Development and Building Office, Dhulikhel, Kavreplanchwok*** invites bids from eligible bidders for the construction of following work under National Competitive Bidding.

| Contract No/ Bid No | Description of Works | Estimated Amount (NRs)(With VAT, & PS ) | Bid Security Amount (NRs) | Bid document Price (NRs) |
|---|---|---|---|---|
| UDBO/NCB/ WORKS/1S1E/27/ 081/082 | Bhakunde Bazaar Kendra Purwadhar Sudhaar Tatha Nirman Karya ,Namobuddha | 14999613.04 | 317000 | 3000.00 |
| UDBO/NCB/ WORKS/1S1E/28/ 081/082 | Jethe Chautaro Paathi pujey jyamirkot Sadak Starounnati,Panchkhal-02, Kavrepalanchok | 11999765.67 | 284000 | 3000.00 |
| UDBO/NCB/ WORKS/1S1E/29/ 081/082 | Baluwa Party Raniwan Girje Churi Thumka Sadak Starounnati Mandandeupur-01 | 19999955.44 | 473000 | 3000.00 |
| UDBO/NCB/ WORKS/1S1E/30/ 081/082 | Thamichangu Basti Purwadahar Sudhar Tatha Nirman Karya, Bigu-08,Dolakha | 14999508.67 | 292000 | 3000.00 |
| UDBO/NCB/ WORKS/1S2E/01/ 081/082 | Chautara Buspark Krishna Mandir,Docha Kholsa Chapdanda Ekikrit Purwadhar Bikash Tatha Sudhar | - | 695000 | 5000.00 |
| UDBO/NCB/ WORKS/1S2E/02/ 081/082 | Sirubari Basti Ekikrit Purwadhar Bikash Karyakram Chautara Sangachokgadhi 7 | - | 695000 | 5000.00 |
| UDBO/NCB/ WORKS/1S2E/003/ 081/082 | Bulldanda Dekhi Guranspark Sadak Starounnati Sampanna,Jiri | - | 695000 | 5000.00 |

All related information including: Purchase, Submission and Opening of Bidding document is available at www.bolpatra.gov.np/egp.

**Office Chief**

# राम्दी–रानीमहल सडकखण्ड निर्माण धमाधम

**किरण कौशल/राजधानी**
पाल्पा, १० फागुन

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत पाल्पाको राम्दी-रानीमहल खण्डमा ट्र्याक खोल्ने र स्तरउन्नति कार्य धमाधम भइरहेको छ।

१७ किलोमिटर खण्डको केही भागको ट्र्याक १० वर्षअगाडि खुलेको भए पनि स्तरउन्नतिको काम भने रोकिएको थियो । गौरवको आयोजना भए पनि बजेट सुनिश्चित नहुँदा यस खण्डको स्तरउन्नति भएको थिएन ।

कालोपत्र डबल लेन सडक बनेपछि बागलुङ मालढुंगादेखि पूर्वी नवलपरासी गैंडाकोटसम्म करिडोर निर्माण कार्य पूरा हुनेछ । करिडोरले चीन र भारतका धार्मिक पर्यटक आवतजावतमा वृद्धि हुने, कृषि उत्पादन बजारीकरणमा सहज हुने र सिमापार व्यापारलाई सहज हुनेछ।

पर्यटकीय हिसाबले महत्त्वपूर्व रहेका क्षेत्रहरू राम्दी नदी धाम, रानीमहल दरबार र रुरुक्षेत्र धामसहितका करिडोरसँग जोडिएका क्षेत्रमा चहल पहल बढ्ने र यस क्षेत्रको विकासमा सहयोग पुग्ने स्थानीय डोलराज अधिकारीले बताए।

कालीगण्डकी करिडोर चीनको सिमाना कोरलादेखि गैंडाकोटसम्मको ४ सय ४२ किलोमिटर छ। गैंडाकोटदेखि मालढुंगासम्मको २ सय ४० किलोमिटरमध्ये १७ किलोमिटर मात्र सडक निर्माण बाँकी थियो।

नेपाल सरकारबाट १ अर्ब ४८ करोड रुपैयाँ बजेट सुनिश्चित भए पनि ठेक्कामार्फत राम्दी-रानीमहल क्षेत्रमा धमाधम काम भइरहेको हो।

थोदुङ हिम सगरमाथा जेभीले निर्माण कम्पनीले भ्याटसहित ८५ करोड रुपैयाँ लागतमा सडक स्तरउन्नति गर्ने गरी २०८१ कात्तिकमा ठेक्का सम्झौता गरेको थियो। ३ वर्षमा सडक स्तरउन्नतिको काम सक्ने गरी सम्झौता भएको थियो।

राम्दी-रानीमहल खण्ड स्तरउन्नति भएसँगै मालढुंगादेखि गैंडाकोटसम्म करिडोर निर्माण सकिने गैंडाकोट, राम्दी, मालढुंगा सडक आयोजना पाल्पा कार्यालयकी प्रमुख कल्पना अधिकारीले जानकारी दिइन् ।

करिडोरबाट प्रत्यक्ष रूपमा गण्डकी र लुम्बिनी प्रदेशका जिल्लाहरू पूर्वी नवलपरासी, तनहुँ, स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, पाल्पा, गुल्मी र अर्घाखाँचीका स्थानीय लाभान्वित हुनेछन् । २ सय ४० किलोमिटर खण्डमा अझै १४ वटा पक्की पुल निर्माण गर्न आवश्यक रहेको छ। १० वर्षदेखि अलपत्र रहेको राम्दी-रानीमहल खण्ड स्थानीय जनता र जनप्रतिनिधिको निरन्तर प्रयासपछि अर्थ मन्त्रालयबाट बजेट सुनिश्चित भएको हो । करिडोरको राम्दी-रानीमहल खण्ड स्तरउन्नतिमा निरन्तर लागिपरेको पूर्वउद्योगमन्त्री सोमप्रसाद पाण्डेले बताए।

लुम्बिनी र गण्डकी प्रदेशको मेरुदण्ड कालीगण्डकी करिडोर निर्माणले यस क्षेत्रको पर्यटन विकास, सीमापार व्यापार, कृषि उत्पादनको बजारीकरण, अस्पतालसम्मको पहुँच र रोजगारी सिर्जनामा मद्दत पुग्ने देखिन्छ । तर, निर्धारित समयमा निर्माण सम्पन्न गर्न सबैको पहल आवश्यक छ।

# हरिपुर्वा नगरपालिकामा नगर अस्पताल सञ्चालन

**राकेशप्रसाद गुप्ता/राजधानी**
सर्लाही, १० फागुन

सर्लाहीको हरिपुर्वा नगरपालिकामा नगर अस्पताल सञ्चालन भएको छ । अस्पताल सञ्चालनमा आएकाले भएपछि हरिपुर्वावासीले अब सरल रूपमा उपचार लिन पाउने छन् । नगर अस्पतालको हरिपुर्वा नगर प्रमुख विनोद साहले शनिबार उद्घाटन गरे। नगर अस्पतालमा डा. राजीवकुमार यादवबाट सेवा प्रदान गरिनेछ भने रेडियाग्राफर, गुणस्तरीय ल्याब, मुख तथा दन्तलगायत विभिन्न सेवा अस्पतालमा प्रदान गरिने भएको छ।

यसअघि स्थानीयरू सामान्य बरामी पर्दा पनि महोत्तरी, मलंगवा, जनकपुर, वीरगन्ज र भारतका विभिन्न सहरमा उपचार गराउन जाने गरेको नगर अस्पतालले जनाएको छ। नगर प्रमुख साहले यो अस्पतालको २०६९ सालमा शिलान्यास गरिएको र भवन निर्माण हुँदा पनि अस्पताल सञ्चालन नभएको बताए । हरिपुर्वाको जनप्रतिनिधिको अथक मेहनत प्रयासले १५ शय्याको नगर अस्पताल सञ्चालन भएको हो । यो अस्पतालमा गुणस्तरीय सेवा प्रदान गर्न आफूले हरसम्भव प्रयास गर्ने मेयर साहले बताए ।

हरिपुर्वामा निःशुल्क एम्बुलेन्स सेवा सुचारु गर्न मेयर साहले प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र साहलाई निर्देशनसमेत दिएका छन्।

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सुचना

**प्रकाशित मितिः २०८१/११/११ गते, सूचना नं.:०१/०८१/८२**

यस संस्थाबाट विभिन्न शिर्षक अर्न्तगत ऋण लिएका तपसिलमा उल्लेखित ऋणीहरुले ऋण लिदाँ गरिएको समझौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दै दस्तुर आदि नबुझाई संस्थासंग गरिएका शर्त कबुलियतको उल्लंघन गरेको र संस्थाले ऋण चुक्ता भुक्तानको लागि पटक पटक विभिन्न माध्यमबाट ताकेता गर्दा समेत कर्जा चुक्ता नगरि बेवास्ता गरि बस्नुभएको तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारे यो ३५(पौतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यस सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र यस संस्थाको सम्पर्कमा आई आफुले लिएको कर्जाको बुझाउन पर्ने साँवा, ब्याज तथा दै दस्तुर आदि समेत चुक्ता भुक्तानी गर्नुहोला साथै व्यक्तिगत धनजमानी बस्नेले पनि कर्जा चुक्ता गर्न पहल गर्नुहोला । अन्यथा सो मिति भित्र ऋण भुक्तानी नगरेमा धितो सुरक्षण वापत संस्थाको नाममा लेखी लेखाई दिएको धितो र कथंकदाचित सो धितोबाट सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा कानुन बमोजिम कारवाही गरि सम्बन्धित ऋणी, जमानीकर्ता वा निजहरुको एकाघर संगोलका अंशियारहरुको नाउमा रहेको चल अचल सम्पतिबाट समेत सहकारी ऐन, संस्थाको ऋण तथा ऋण असुली निती तथा अन्य सम्बद्ध प्रचलित ऐन कानुन बमोजिम धितो लिलाम बिक्री गरि संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने छ तथा सो मिति भित्र ऋण भुक्तानी नगरेमा ऋणी, जमानी तथा साक्षी बस्नेको तिनपुस्ते विवरण तथा फोटो सहित कर्जा सुचना केन्द्रको कालो सुचीमा नाम समावेश गर्ने प्रकृया अघि बढाइने व्यहोरा एवम् सो विवरण संस्थाको सुचना पेटिका, सामाजिक संजालमा प्रकाशित गरिने व्याहोरा जानकारी गरिन्छ। यसबाट तपाईको सामाजिक प्रतिष्ठामा आँच आएमा संस्था जिम्मेवार नहुने यसै सुचना मार्फत जानकारी गराईन्छ।

| ऋणीको विवरण | जमानीको विवरण | धितोको विवरण |
| --- | --- | --- |
| नामः यादप राई<br>बुबाको नामः अविक राम राई<br>बाजेको नामः उत्तपती राई<br>ना.प्र.प.नं.: १२१०६२।४०, खोटाङ्ग<br>ठेगाना- सूर्यबिनायक न पा-३, भक्तपुर | नाम : मिता राई<br>पतिको नामः यादप राई<br>ससुराको नामः अविक राम राई<br>ना.प्र.प.नं.: १२१०४६।२६९, खोटाङ्ग<br>ठेगाना- सूर्यबिनायक न पा-३, भक्तपुर | भक्तपुर जिल्ला बागेश्वरी गाविस वार्ड नं. २ नक्सा सिट नं. २ख कित्ता नं.-१०२३, क्षेत्रफल ०-४-०-०(१२७.१८ व.मि.) र उल्लेखित कित्तामा बनेको घर समेत |
| **ऋणीको विवरण** | **ऋणी तथा जमानीको विवरण** | **धितोको विवरण** |
| नाम : प्रेम बहादुर तामाङ्ग<br>बुबाको नाम : ठुलो जगत बहादुर तामाङ<br>बाजेको नाम : विर बहादुर तामङ<br>ना.प्र.प.नं.: ८/३०५, भक्तपुर<br>ठेगाना- सूर्यबिनायक न पा-७, भक्तपुर | नाम : गोमा तामाङ्ग<br>पतिको नामः प्रेम बहादुर तामाङ्ग<br>ससुराको नामः ठुलो जगत बहादुर तामाङ<br>ना.प्र.प.नं.: ५७, भक्तपुर<br>ठेगाना- सूर्यबिनायक न पा-७, भक्तपुर | भक्तपुर जिल्ला गुण्डु गाविस वार्ड नं. ३ नक्सा सिट नं. ३क कित्ता नं.-१८८४, क्षेत्रफल ०-८-०-० (२५४.३२ व.मि.) |

**यस सम्बन्धी बृस्तित जानकारिको लागिः**

शंखधर बचत तथा ऋण सहकारी संस्था लि.
Shankhadhar Saving and Credit Co-operative Ltd.
मध्यपुर थिमि-४, शंखधरचोक
☎: ०१-५०९३५०७, ०१-५०९३५७६

Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation
## Water Resource and Irrigation Development Division Office
Dhadingbeshi, Dhading

## NOTICE FOR FINANCIAL BID OPENING

**Published Date: 23 February 2025**

ADB Loan No: 4519/8483, Irrigation Modernization Enhancement Project

With reference to the tender notice published on 14th July 2024 in Arthik National daily for the following contracts, it is for the notification to all bidders that the following bidders have been evaluated to be Responsive/Non-Responsive. The financial bid of the Responsive Bidder will be opened on **March 3, 2025 at 13:00** hrs at Water Resource and Irrigation Development Division Office, Dhadingbeshi, Dhading in the presence of bidders representatives who choose to attend. The financial bid of all Non-Responsive bidders shall be returned unopened.

| SN | Contract No | Name of Project | B.N. | Bidder's Name and address | Remarks |
| --- | --- | --- | --- | --- | --- |
| 1 | IMEP/Dhading/B-1a/CW-47 | Jhagadiya Sikre Kulo ISP, Dhunibeshi-9, Dhading | 1 | M/S Sundaradevi Nirman Sewa, Bidur-10, Nuwakot | Responsive |
| | | | 2 | M/S Mallarani-Banglamukhi JV, Kathmandu | Responsive |
| | | | 3 | M/S Jwalamukhi Construction, Nilkantha-3, Dhading | Non-Responsive |
| | | | 4 | M/S Prithvi-Prime JV, Tarkeshwor, Kathmandu | Responsive |
| | | | 5 | M/S Kamakhya Construction, Koteshwor, Kathmandu | Responsive |
| | | | 6 | M/S Sanjay Nirman Sewa, Hetauda-5, Makawanpur | Responsive |
| | | | 7 | M/S Deepak and Diya Builders, Tarkeshwor-21, Kathmandu | Responsive |
| | | | 8 | M/S Aryan-Aruna JV, Bardibas-1, Mahottari | Non-Responsive |
| | | | 9 | M/S Ishan Nirman Sewa, Thankot, Kathmandu | Responsive |
| | | | 10 | M/S KDN-Gumda JV, Anamnagar, Kathmandu | Responsive |
| | | | 11 | M/S Surubuilders, Kageshwori Manahara-5, Kathmandu | Responsive |
| 2 | IMEP/Dhading/B-1a/CW-48 | Sopyang Khola Ghattako Kulo ISP, Thakre-8, Dhading | 1 | M/S M/S Surubuilders, Kageshwori Manahara-5, Kathmandu | Responsive |
| | | | 2 | M/S Sundaradevi Nirman Sewa, Bidur-10, Nuwakot | Responsive |
| | | | 3 | M/S Mallarani-Banglamukhi JV, Kathmandu | Responsive |
| | | | 4 | M/S Ralukadevi-Dhading JV, Thakre-8, Dhading | Non-Responsive |
| | | | 5 | M/S Divya Jyoti-Garibi JV, Kalanki, Kathmandu | Responsive |
| | | | 6 | M/S Deepak and Diya Builders, Tarkeshwor-21, Kathmandu | Responsive |
| | | | 7 | M/S Jwalamukhi Construction, Nilkantha-3, Dhading | Non-Responsive |
| | | | 8 | M/S Ishan Nirman Sewa, Thankot, Kathmandu | Responsive |
| | | | 9 | M/S Aryan-Aruna JV, Bardibas-1, Mahottari | Responsive |
| | | | 10 | M/S KDN-Gumda JV, Anamnagar, Kathmandu | Responsive |

**Division Chief**

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल, काठमाण्डौ

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८१/११/११)**

यस सेन्टरबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार ई-विडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव (Technical Bids) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज को उपनियम ४ बमोजिम मूल्यांकन हुँदा तपशिलका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राहि देखिएकोले सोहि नियमको उपनियम (५) बमोजिम मिति २०८१/११/१८ गते दिनको २:०० बजे यस सेन्टरमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदातालाई आधिकारिक पत्र सहित उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाता |
| --- | --- | --- |
| NTrC/G/NCB/17–081/82 | The Procurement of Supply, Delivery and Installation of Comsumable Spare Parts of Vaccume Pump | 1. Daju Bhai Suppliers and Surgical Enterprises, Baneshwar, Kathmandu |

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८१/११/११ को राजधानी राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्ति धितो सुरक्षण राखी ओभरड्राफ्ट सुविधा, डिमाण्ड कर्जा, अपरिवर्त्य प्रतितपत्र र ट्रष्ट रिसिप्ट कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८१/११/१८ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौ । प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, व्यक्तिगत जमानतकर्ता र लिलाम हुने धितोको विवरण**

**ऋणीको नामः शिखर मेशिनरी एण्ड अटोमोबाइल प्रा.लि.**
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २०२४७६/०७५/०७६, दर्ता मितिः २०७५/०८/०२, स्थायी लेखा नं.: ६०६५४७८८२, ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. १४ ।

**संचालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः**
**केदार नाथ शर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २१७३९ (२०५०/०८/०८/बाँके), बाजेको नामः रवि लाल शर्मा, बाबुको नामः रत्नाखर शर्मा, ठेगानाः बाँके जिल्ला, उढरापुर गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं ४, सुकेधारा ।

**व्यक्तिगत जमानतकर्ताः**
**गीता शर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९८१५ (२०५९/०४/०६/बाँके), बाबुको नामः भानुभक्त भट्टराई, ससुराको नामः रत्नखर शर्मा, पतिको नामः केदार नाथ शर्मा, ठेगानाः बाँके जिल्ला, कोहलपुर न.पा., वडा नं. ०३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, सुकेधारा ।

**लिलाम हुने धितोको विवरणः**
ऋणीले धनी बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरूप लेखिदिएको सम्पूर्ण माल सामान / स्टकहरूको मौज्दातहरू तथा गोदाम भित्र र सोको प्राङ्गणमा रहेको सम्पूर्ण चल तथा स्थिर सम्पत्तिहरू ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**कर्पोरेट कार्यालय :**
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

## प्रोग्रेशिभ फाइनान्स लिमिटेडको धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८१/११/११ गतेको राजधानी राष्ट्रिय दैनिक)**

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको तपसिलको शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीको ऋण कर्जाको समय समयमा तिर्न बुझाउनपर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको एवं ऋणी **दिपिका किराना एण्ड फैन्सी पसल**को मिति २०८१/०३/१३ गतेको राजधानी दैनिक पत्रिकामा ३५ दिने र मिति २०८१/०६/१५ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम विक्रीको १५ दिने सूचना, मिति २०८१/०७/०५ गते को कारोवार राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम विक्रीको ७ दिने र मिति २०८१/०७/१३ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम विक्रीको पुनः ७ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी फाइनान्सको नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा उक्त सम्पत्ति के कति मूल्यमा खरिद गरी लिने सो खुलाई इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि आफूले कबुल गरेको रकमको १०(दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको भौचर संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस फाइनान्समा पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सो को लगतै फाइनान्स खुलेको दिन) फाइनान्सको केन्द्रीय कार्यालय, तिनकुने, काठमाण्डौमा दिउसोको ठीक २:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा फाइनान्स आफैंले सकार गरि लिने समेत सम्पूर्ण अधिकार यस फाइनान्समा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु.५००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस फाइनान्समा उपलब्ध छ । अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक एवं सम्बद्ध सबैलाई नियम अनुसार कालो सूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र फाइनान्समा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

**तपसिल :**

| ऋणीको नाम, ठेगाना र तिन पुस्ते विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण | सुरक्षण धितोको विवरण |
| --- | --- | --- |
| १. **ऋणीको नाम : दिपिका किराना एण्ड फैन्सी पसल**<br>ठेगाना : धनुषा जिल्ला उमाप्रेमपुर वडा नं.८, हाल धनुषाधाम-०५,<br>दर्ता प्र.नं-११६६५/३६६/२०७५/०७६<br>दर्ता मितिः २०७५/०४/३१, जनकपुर<br>**प्रोप्राइटर/जमानीकर्ताको नामः फेकनी देबी महतो**<br>बावुको नाम : भागीरथ महतो<br>बाजेको नाम : गोकुल महतो<br>ठेगानाः धनुषा जिल्ला उमाप्रेमपुर वडा नं.८<br>हाल : धनुषाधाम-०५<br>ना.प्र.नं: ९८८९२२४५, जारी मितिः २०६०/०१/०४<br>जारी जिल्लाः धनुषा<br>**कर्जा शीर्षक : व्यवसायिक कर्जा**<br>**शाखा कार्यालय : क्षिरेश्वरनाथ, धनुषा** | **क) नामः पुजा कुमारी महतो**<br>बावुको नाम : ब्रहमदेब महतो<br>बाजेको नाम : फौदी महतो<br>ठेगाना : धनुषा जिल्ला उमाप्रेमपुर वडा नं.८<br>हाल : धनुषाधाम-०५<br>ना.प्र.नं: १७/०१/७७/००८०४<br>जारी मितिः २०७७/०४/०९, जारी जिल्लाः धनुषा | गोकुल महतोको नातिनी भागीरथ महतोको छोरी फेकनी देबी महतोको जिल्ला मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको जिल्ला धनुषा, लबटोली वडा नं.१ग, स्थित कित्ता नं.१४९ र क्षेत्रफल ०-१-०-० (वि-क-धु-क) रहेको जग्गा र सो जग्गाले चर्चे सम्पूर्ण लिगलगापात समेत । |

*पुनश्चः* ऋणी धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा फाइनान्स आफैले सकार गर्दा समेत साविकमा फाइनान्सबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा फाइनान्स आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा फाइनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै त्यहाँहरुबाट फाइनान्सको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा फाइनान्स आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्त जग्गा तथा घर खाली गरी फाइनान्सलाई हस्तान्तरण गर्नुहुन समेत सूचित गरिएको छ। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाइनान्स आफैले सकार गर्दा समेत फाइनान्सको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ।

**धितो लिलामी सम्वन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम फाइनान्सको सम्बन्धित शाखा कार्यालय वा कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखिला खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दै-दस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा फाइनान्सको कर्पोरेट कार्यालय, तिनकुने वा सम्बन्धित शाखामा सम्पर्क राख्नुहोला ।
४. धितो लिलाम गोप्य शिलबन्दी बोलपत्रमा भागलिने ब्यक्तिले कबोल अंकको कम्तीमा १० प्रतिशतले हुने रकम प्रोग्रेशिभ फाइनान्स लिमिटेडको कार्पोरेट अफिसमा रहेको Payable Auction Deposit नामको खाता नं. ५०११०००००००५९२ मा नगद जम्मा गरी वा प्रोग्रेशिभ फाइनान्स लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque धरौटी राख्नु पर्नेछ र सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। बाँकी रकम धितो बिक्री जनाउ पाएपछि दाखिला गरी धितो नामसारी गरिनेछ ।
५. अन्य जानकारीका लागि संस्थामा सम्पर्क गर्नुहोला ।

# स्वास्थ्य सेवाबाट वञ्चित कृकिट्टेवासीलाई जडीबुटीकै भर

**डीबी विष्ट/राजधानी**

बझाङ, १० फागुन

गाउँमा कोही बिरामी भयो भने अहिले पनि जडीबुटीको नै भर पर्नुपर्ने बाध्यात्मक परिस्थिति कृकिट्टे गाउँको छ। ज्वरो, पखाला, रुघाखोकी, आउँ आदि लागेको खण्डमा वनजंगलमा पाइने, लालीगुराँसको फूल, गनाल्दो, कटुकी, टिमुर पानी खाएर उपचार गर्नुपर्ने अवस्था कृकिट्टे गाउँको रहेको स्थानीय बताउँछन्। तलकोट गाउँपालिका-३ मा पर्ने यो गाउँमा जम्मा १८ परिवारको मात्रै बसोबास छ। गाउँमा स्वास्थ्य चौकी छैन। घर परिवारमा कोही बिरामी भएको खण्डमा जडीबुटी गरेर नै ठीक पार्नुपर्ने अवस्था छ। यदि स्वास्थ्यमा जटिल समस्या आएको खण्डमा ४ घण्टाको जंगलको बाटो भएर वडा नम्बर ३ कै अर्को गाउँ रूपातोलासम्म पुग्नुपर्छ। गाउँमा एउटा स्ट्रेचरसम्म पनि छैन। गाउँलेहरूले बिरामीलाई डोको काटेर पिठ्युँमा बोकेर नै स्वास्थ्य चौकीसम्म बोकेर लग्नुपर्छ।

पाँच वर्षअघि २०७६ सालमा तलकोट गाउँपालिकाको पहलमा एउटा सामान्य प्राथमिक स्वास्थ्य उपचार दिनका लागि टिनको टहरा निर्माण गरी कृकिट्टे स्वास्थ्य क्लिनिक स्थापना गरी सो क्लिनिकमा स्वास्थ्यका सामग्रीहरूसमेत उपलब्ध गराएको थियो। तर, स्वास्थ्यकर्मी नभएकै कारण सो औषधि तथा उपकरण पनि सडेर खेर गएको यहाँका स्थानीय बासिन्दाको भनाइ छ।

गाउँलेले हरेक महिनाको १८ गते स्वास्थ्यकर्मी गाउँमा आएर गाउँलेहरूको रेखदेख तथा औषधि उपचारसम्म गर्ने भन्ने निर्णयसमेत गरेका थिए। तर, सो कार्य गर्नु र नगर्नुको अर्थ नै भएन। बिरामी कति बेला हुन्छन् ? पत्तो हुँदैन। महिनाको १८ गते स्वास्थ्यकर्मी आए नआएको अर्थ नै नहुने यहाँका स्थानीय बताउँछन्।

यहाँका नागरिकहरूको आयआर्जनको स्रोत केही पनि नभएका कारण आर्थिक रूपमा पनि कमजोर छन्। स्थानीय अस्मिता बोहराले भनिन्, 'गाउँमा सडक पुगेको छ। गाउँमा कोही बिरामी भएर जिपलाई बोलाएर बुकिङ गर्नुपरेको खण्डमा १० हजार रुपैयाँभन्दा बढी भाडा तिर्नुपर्छ। त्यत्रो रकम तिर्न सक्ने क्षमता गाउँमा कसैको पनि छैन। त्यसैले गाउँमा कसैलाई केही भइहाल्यो भने डोकामै बोकेर स्वास्थ्य चौकीसम्म लैजानुपर्ने बाध्यता छ।'

यस विषयमा जनप्रतिनिधि, कर्मचारी जानकार नै छन्। तर, समस्या समाधानका लागि पहलसम्म गरेको पाइँदैन। 'हामी दुःखी-गरिबहरूको समस्या कसले बुझी दिने ?' स्थानीय अस्मिता बोहराले भनिन्। उनीसँगै रहेकी जुनादेवी बोहराले मत माग्दा खेरी गाउँमा पुग्ने जनप्रतिनिधि पछि गाउँमा फर्केर समेत नहेर्ने गरेको सुनाइन्।

गाउँमा स्वास्थ्यको मात्रै समस्या नभई खानेपानीको पनि हाहाकार छ। 'ताक्लाकोट सडक खण्ड कटान गर्ने ठेकदारले पाइप दिएकाले खानेपानी खान पाएका छौं। त्यो पनि बिहान र बेलुकी मात्रै उपलब्ध हुन्छ। खानेपानी दुनिबन खोलाबाट ल्याएका छौं। कहिले त सडकमा काम गर्नेहरू सडकमा नै पानी चाहिने भएका कारण पानी दिन नै मान्दैनन्,' बोहराले भनिन्। त्यहाँ पहिला गाउँ नजिकै खानेपानीको मुहान थियो। अहिले सडकले उक्त मुहान पूर्ण रूपमा क्षति गरेका कारण खानेपानीको हाहाकार भएको हो। यो समस्याको समाधानका लागि बोली दिने मानिससम्म छैनन्। गाउँका सबै जना सोझा साझा छन्। आफ्नै खेतबारीमा उब्जाएको अन्न र काम र मजदुरी गरेर जीविका चलाउनुपर्ने अवस्था यस गाउँको छ।

यता, तलकोट गाउँपालिकाका स्वास्थ्य संयोजक नरजित खड्काले उक्त गाउँ निकै दुर्गम रहेको स्वीकार गर्दै यहाँका नागरिकहरूले रूपातोला आधारभूत स्वास्थ्य सेवा केन्द्र धाउनुपर्ने समस्या रहेको स्वीकार गरे। त्यताबाट पनि ठीक नभएको खण्डमा यहाँका नागरिकहरू धमेना स्वास्थ्य चौकीमा पुग्नुपर्छ। यस्ता समस्याहरू आमा समूहको बैठकमा पनि छलफल गर्ने गरेको खड्काले बताए। उनले स्ट्रेचर र अन्य समस्याका बारेमा आफूलाई जानकारी नआएको बताउँदै खड्काले उक्त गाउँमा स्ट्रेचर उपलब्ध गराउने प्रतिबद्धतासमेत व्यक्त गरे। साथै उनले यस गाउँको समस्या समाधानका लागि पालिकामा छलफल गरी अघि बढ्ने बताए।

पृष्ठ १ बाट क्रमशः

## सात सालको...

त्यस्तै पछिल्लो समयमा प्रधानमन्त्रीमा निर्वाचित भएपछिका खड्गप्रसाद ओलीका क्रियाकलापलाई पनि त त्यसरी नै हेर्नुपर्ला ? जे होस् निरंकुश हुने प्रवृत्ति राजामा मात्रै हुन्छ भन्ने होइन। त्यसैले संसारका इतिहासमा निकै ठूला संघर्ष र उतारचढावपछि मात्रै राजतन्त्रले संवैधानिक घेरामा बस्ने बाध्यतालाई स्वीकार गरेको देखिन्छ। आफ्नो देशमा कस्तो राजनीतिक व्यवस्थाले देशको स्वतन्त्र अस्तित्व रक्षा गर्न सक्छ र आमजनताको विकास र समृद्धिको आवश्यकतालाई पूरा गर्न सक्छ भन्ने आधारमा राजनीतिक व्यवस्था छनोट हुने हो र हुनुपर्छ। त्यसका निम्ति आफ्नो भूराजनीतिक स्थिति, सामाजिक संरचना, इतिहास र संस्कृतिको समष्टिगत आधारशिलाहरूले निर्धारण र निरूपण गर्छ। तथापि आजको युगमा जुनसुकै व्यवस्था अवलम्बन गरे पनि आम जनताको स्वीकृति र सहभागिता अनिवार्य सर्त हुन्छ र हुनुपर्छ।

जे होस् २००७ सालको क्रान्तिले स्थापित गरेका मूल्य मान्यताभन्दा अगाडि देश जान सकेन। नेपालका कम्युनिस्टहरूले पटकपटक प्रयास नगरेका होइनन् तर हार खाएर अनेक शब्दजालका बहाना बनाएर २००७ सालले स्थापना गरेको संसदीय व्यवस्थामै आउनुपऱ्यो तर त्यसलाई केही विकृत बनाएर। २००७ सालको क्रान्तिको एक मात्र हकदार कांग्रेस हो भने जुनसुकै कारणले होस् सहयोगीको भूमिका राजाले पनि निभाएकै हो।

२००७ सालको क्रान्ति र परिवर्तनपछि जति पनि क्रान्ति र परिवर्तन भए। तिनले खासै परिणाम ल्याउन नसकेका मात्र होइनन् ऋणात्मक उपलब्धिमा समेत पुऱ्याएका छन्। त्यसैले २००७ सालको क्रान्तिले स्थापना गरेका मूलभूत मूल्यमान्यताको रक्षा गर्दै युगमागअनुसार परिमार्जन र विकास गर्दै जाने मूल दायित्व कांग्रेसको सो तर त्यस्तो दायित्व कांग्रेसले कति निर्वाह गरेको छ भन्ने कुराको सम्यक् विश्लेषण हुन जरुरी छ।

२००७ सालको क्रान्तिले स्थापना गरेकै मूल्यमान्यतालाई केही हदसम्म विकृत बनाउनुबाहेक विश्वको वस्तुगत अवस्थामा यति धेरै परिवर्तन आइसक्दा पनि नेपालमा भने कुनै अर्थमा पनि २००७ सालभन्दा एक इन्च पनि अघि बढाउने काम भएको छैन। २००७ सालका क्रान्तिका नेताहरू भारतीय दलाल हुन्।

कोशी बेचे, गण्डकी बेचे भन्दै गाली गर्ने वामपन्थी र दक्षिणपन्थीहरू साँच्चै बीपीले भनेझैं के कुरालाई बिर्सन्छन् भने भारतसँग सुगम भूभाग तीनतिरबाट घेरिएको हाम्रो देशको भौगोलिक स्थितिमा उत्तरतिरको छिमेकीभन्दा कमजोर थियो। विशाल चीनसँग अलिक पछि चीनले तिब्बतलाई आफूमा गाभेपछि मात्रै जोडिन पुगेको हो। भारतमा पढ्ने जमिनदार र ठूला जागिरेका छोरा र भारतमा अपार व्यवसाय गरेर बसेका केही धनी राणाहरूबाट त्यो क्रान्तिको नेतृत्व भएको हो।

बेलायतबाहेक अरू देशसँग सम्बन्ध नभएको र सियोधागोदेखि लाउने लुगासम्म भारतबाहेक ल्याउने अर्को ठाउँ नभएको अवस्थामा भारतीय स्वतन्त्रता संग्रामकै कोखबाट जन्मिएको २००७ सालको क्रान्तिले त्योभन्दा कति उपलब्धि दिने आशा गर्न सकिन्थ्यो ? जब कि आज विश्वमा तीव्र गतिले 'ग्लोबलाइजेसन' भइरहेको अवस्था छ। हाम्रो विश्वका अधिकांश देशहरूसँग दौत्य सम्बन्ध भइसकेको छ र 'सुपर पावर' हुन लाग्दै गरेको छिमेकी चीनसँग १४ सय किमि सीमा मात्रै जोडिएको छैन, सातवटा सीमानाका निर्बाध सञ्चालनमा छन्। देशमा शिक्षित र जागरुक नागरिकको ठूलो संख्या छ। तथापि अहिले पनि वामपन्थी र दक्षिणपन्थीहरू समेतको संलग्नतामा महाकालीजस्ता सन्धि गर्नुपरेको छ।

प्रधानमन्त्री-मन्त्रीका त कुरा छोडौं आईजीपीको नियुक्तिसम्मका लागि पनि आशीर्वाद चाहिएकै छ। आज पनि भारतबाट कुनै मन्त्री वा सचिव आयो भने हाम्रा प्रधानमन्त्री, राष्ट्रपतिले भऱ्यालढोका खुलै राखेर बस्नुपर्छ। तिनीहरूलाई भेट्न हाम्रा क्रान्तिकारीदेखि सम्भ्रान्त नेताहरू लाइन लाग्न पुग्नुपर्छ भने त्यस समयका मातृका वा बीपीहरूलाई भारतीय दलाल भन्नु कति गलत थियो ?

आज नेपालले भारतको मात्रै दबाब सहनुपरेको छैन सात समुद्रपारिदेखि छिमेकी चीन सबैको दबाब र प्रतिस्पर्धा हाम्रो देशमा भइरहेको छ। हामीसँगै स्वतन्त्रता र प्रजातन्त्र प्राप्त गरेका मुलुकहरू कहाँ छन् ? हामी कहाँ छौं ? त्यसैले नेपाललाई २००७ सालको क्रान्तिले जे दियो, त्यसलाई पनि थामेर राख्न नसक्नुबाहेक देशलाई कुनै पनि अर्थमा अगाडि बढाउन सकेका छैनौं भनेर स्वीकार गर्नुपर्छ। साथै २००७ सालको नेतृत्व वर्गभन्दा अहिलको नेतृत्ववर्ग अक्षम, भ्रष्ट र बेइमान छ भन्ने कुरामा कुनै विवादको ठाउँ नहोला।

## ३८ वर्ष पुरानो...

२०१७ सालको भ्रष्टाचार निवारण ऐनअनुसार उनलाई १ वर्ष कैद हुने अवस्था थियो। तर, २०५९ सालमा जारी भएको नयाँ ऐनमा २५ हजार रुपैयाँसम्मको भ्रष्टाचारमा तीन महिना मात्रै कैदको व्यवस्था छ। संशोधित कानुनमा सजायको मात्रा कम रहेको भन्दै विशेष अदालतले केसीलाई तीन महिना कैद सजाय हुने फैसला सुनायो।

नेपाल खाद्य संस्थानको रोल्पा उपशाखाले चामलको रकम हिनामिना भएको भनी विशेष प्रहरी विभागमा जाहेरी दिएको थियो। विशेष प्रहरी विभागले खाद्य संस्थानको चामल बेचेको रकम हिनामिना भएको आरोपमा २०४३ सालमा जिल्ला अदालत रोल्पामा भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

नेपाल खाद्य संस्थानको सुलिचौर डिपोले २०४३ मा प्रतिक्विन्टल ५७० रुपैयाँका दरले साढे ६ क्विन्टल चामल बिक्री गरेको थियो। चामल बिक्रीबापत डिपोले ३ हजार ७ सय ५ रुपैयाँ आम्दानी गरेको थियो। त्यतिबेला नेपाल खाद्य संस्थानका सुलिचौर डिपोका प्रमुख छविलाल केसी थिए भने बैतडीका प्रेमनाथ योगी क्लर्कको रूपमा काम गर्थे। चामल बिक्रीपछि क्लर्क योगीले ५ रुपैयाँका दरले पाँचवटा जुटको बोरा बेचेर थप २५ रुपैयाँ आम्दानी गरेका थिए।

२०५९ सालमा भ्रष्टाचारसम्बन्धी कानुन संशोधन र केही नयाँ ऐन जारी भयो। भ्रष्टाचारसम्बन्धी मुद्दा हेर्न विशेष अदालत गठन भयो। विशेष अदालतले २०५९ भदौपछिका भ्रष्टाचारका सबै मुद्दा हेर्न थाल्यो। जिल्ला अदालत रोल्पाले आफ्नो क्षेत्राधिकार नभएको भन्दै त्यो पुरानो मुद्दा विशेष अदालतमा पठाइदियो भने ५ वैशाख, २०८० मा त्यो मुद्दा दर्ता भएको थियो।

घटनाबारे बुझेका मानिसले पनि डिपो प्रमुख छविलाल केसीले रकम मासेर खाएको अनि भागेको भनी अदालतमा बकपत्र गरेका थिए। छविलाल केसीले खाद्य संस्थानको रकम लापरबाही र बदनियतपूर्वक हिनामिना गरेर हानिनोक्सानी पुऱ्याएको देखिएको भन्दै विशेष अदालतले दोषी ठहर गरेको हो।

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/११/११ गते राजधानि दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ फागुन २६ गते सोमबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

### ट्राफिक चोक, बुटवल शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अन्तर्गत मिति २०६७/८/१९ मा प्र.फा.र.नं. ७४१४/०६७/६८ कायम भई आन्तरिक राजस्व कार्यालय बुटवलबाट मिति २०६७/०८/१९ मा स्थायी लेखा नम्बर (पान) नं. ३०४४१४५१६ प्राप्त रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **लक्ष्मी फुड प्रोडक्टस्**।<br>**प्रोपाईटर - मनोज कुमार जयसवाल** | १. **राज कुमार जयसवाल**...१, **सन्तोष कुमार जयसवाल**...१ र **मनोज कुमार जयसवाल**...१ को संयुक्त नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ स्थित कित्ता नं. ३१८ को क्षे.फ. १२७.१५ वर्ग मी जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

**राज कुमार जयसवाल**
ना.प्र.नं.- ३७३०२४/२३६
जारी मिति - २०६३/११/१०, जि.प्र.का. रुपन्देही
बाबु - राधाकृष्ण जयसवाल
बाजे - द्धारिका प्रसाद जयसवाल
स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल न.पा./गा.वि.स.वडा न ०७
हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा. वडा नं.-११

### हेटौडा शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| १. **राधिका कुमारी उप्रेती**<br>ना.प्र.नं.- १५४३३,<br>जारी मिति - २०४६/०५/१४, जि.प्र.का मकवानपुर<br>बाबु - शंकर सुवेदी<br>बाजे - हरी सुवेदी<br>पति - गणेश बहादुर उप्रेती<br>स्थायी ठेगाना-मकवानपुर जिल्ला, मनहरी गा.वि.स वडा नं. ७ हालको ठेगाना-मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा न ०९ | १. **राधिका कुमारी उप्रेती**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०४ स्थित कित्ता नं. ८७६७ को क्षे.फ. ०-०-९ (बि.क.धु) जग्गा र सो जग्गामा निर्माणाधिन घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **लक्ष्मण उप्रेती**<br>ना.प्र.नं.- १८/१३७१८<br>जारी मिति - २०६१/०१/२०, जि.प्र.का मकवानपुर<br>बाबु - गणेश बहादुर उप्रेती<br>बाजे - गोविन्द बहादुर उप्रेती<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.वि.स वडा नं. ७<br>हालको ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा न ०९<br>२. **गणेश बहादुर उप्रेती**<br>ना.प्र.नं.- १२००१<br>जारी मिति - २०४५/०८/०६,जि.प्र.कामकवानपुर<br>बाबु - गोविन्द बहादुर उप्रेती<br>बाजे - राम बहादुर उप्रेति<br>पत्नि - राधिका कुमारी उप्रेती<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.वि.स वडा नं. ७<br>हालको ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा न ०९ | ३. **नविन उप्रेती**<br>ना.प्र.नं.- १३/९४९८<br>जारी मिति-२०६०/८/२१,जि.प्र. कामकवानपुर<br>बाबु - गणेश बहादुर उप्रेती<br>बाजे - गोविन्द बहादुर उप्रेती<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.वि.स वडा नं. ७<br>हालको ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा न ०९ |

### लाहान शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| १. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान सिरहामा मिति २०६७/०८/०८ मा प्रा.फ.र.नं. १५९३/२०६७/०६८ कायम भई दर्ता रहेको सिरहा जिल्ला, लाहान ना.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **नबीन अटो**।<br>**प्रोप्राईटर - नागेन्द्र कुमार चौधरी** | १. **नवीन कुमार चौधरी**को नाममा मालपोत कार्यालय, लाहान सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंग्राही मटियर्वा गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. २७९ को क्षे.फ.०-२-२-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **नवीन कुमार चौधरी**<br>ना.प्र.नं.- ५९१<br>जारी मिति - २०६०/०२/१२ जि.प्र.का. लाहान<br>बाबु - अरविन्द चौधरी<br>बाजे - महेन्द्र लाल चौधरी<br>स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा.,वडा नं. ३<br>हालको ठेगाना- ऐ.ए<br>२. **अरविन्द चौधरी**<br>ना.प्र.नं.- २९०<br>जारी मिति - २०३६/०४/०८ इ.प्र.का. लाहान<br>बाबु - महेन्द्र लाल चौधरी<br>बाजे - प्रेम लाल चौधरी<br>स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा.,वडा नं. ३<br>हालको ठेगाना- ऐ.ऐ<br>३. **नागेन्द्र कुमार चौधरी**<br>ना.प्र.नं.- ५९२ स.सि.ल. ४२१५<br>जारी मिति - २०६०/०२/१२ इ.प्र.का. लाहान<br>बाबु - अरविन्द चौधरी<br>बाजे - महेन्द्र लाल चौधरी<br>स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा.,वडा नं. ३<br>हालको ठेगाना- ऐ.ऐ | ४. **मेनुका कुमारी चौधरी**<br>ना.प्र.नं.- ६२१३<br>जारी मिति - २०५९/१०/०९ जि.प्र.का. सप्तरी<br>बाबु - रमानन्द चौधरी<br>बाजे - घोडगरु चौधरी<br>स्थायी ठेगाना-सप्तरी जिल्ला, जनडौल गा.बि.स. वडा नं. ३<br>हालको ठेगाना-सिरहा जिल्ला, लाहान ना.पा.,वडा नं. ३<br>५. **बच्ची देवी चौधरी**<br>ना.प्र.नं.- ५२६०-७०३०<br>जारी मिति - २०४६/०४/१७ जि.प्र.का. सिरहा<br>बाबु - सोनालाल चौधरी<br>बाजे - भुटाई चौधरी<br>स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान ना.पा.वडा नं. ३<br>हालको ठेगाना- ऐ.ऐ<br>६. **उर्मिला कुमारी चौधरी**<br>ना.प्र.नं.- १६१०९६/२६४<br>जारी मिति - २०६७/११/१५ जि.प्र.का. सप्तरी<br>बाबु - बुद्धि लाल चौधरी<br>बाजे - दुखी लाल चौधरी<br>स्थायी ठेगाना-सप्तरी जिल्ला, मधुपट्टी गा.बि.स. वडा नं. ८<br>हालको ठेगाना-सिरहा जिल्ला, लाहान ना.पा.,वडा नं. ३ |

| २. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| १. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, लाहान, सिरहामा मिति २०७६/१२/०६ मा प्रा.फ.र.नं. ११३३९/२०७६/०७७ कायम भई दर्ता रहेको सिरहा जिल्ला, लाहान न.पा वडा नं. ०४, स्थित रजिष्टर्ड कार्यालय रहेको **पूर्वे ट्रेडर्स**।<br>**प्रोप्राईटर - मदन कुमार पूर्वे** | १.**सुनिता देवी पूर्वे**को नाममा मालपोत कार्यालय, लहान सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, लहान बजार गा.वि.सं. वडा नं. २ स्थित कित्ता नं. १७८७ को क्षे.फ. ०-०-६-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **मदन कुमार पूर्वे**<br>ना.प्र.नं.- १५२००५/१५६७<br>जारी मिति - २०६६/०७/१५, जि.प्र.का. सिराहा<br>बाबु - जय प्रकाश पूर्वे<br>बाजे- लक्ष्मण पूर्वे सुडी<br>स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान नं.पा. वडा नं. ०८,<br>हालको ठेगाना- सिरहा जिल्ला, लाहान नं.पा. वडा नं. ०८,<br>२. **सुनिता देवी पूर्वे**<br>ना.प्र.नं.- १५२००५/१३६<br>जारी मिति - २०६७/०६/०६, जि.प्र.का. सिराहा<br>बाबु - विश्वनाथ प्रधान<br>ससुरा- जय प्रकाश पूर्वे<br>स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान नं.पा. वडा नं. ०८,<br>हालको ठेगाना- सिरहा जिल्ला, लाहान नं.पा. वडा नं. ०८, | ३. **जय प्रकाश पूर्वे**<br>ना.प्र.नं.- ५२६०-७१०१<br>जारी मिति - २०४६/०३/२१, जि.प्र.का. सिराहा<br>बाबु - लक्ष्मण पुर्वे सुडी<br>बाजे- मटुकलाल पुर्वे<br>स्थायी ठेगाना- सिरहा जिल्ला, लाहान नं.पा. वडा नं. ०८,<br>हालको ठेगाना- सिरहा जिल्ला, लाहान नं.पा. वडा नं. ०८, |

### बेलका शाखा

| क. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **दान बहादुर सार्की**<br>ना.प्र.नं.- १६४३<br>जारी मिति - २०६०-११-१५, जि.प्र.का. उदयपुर<br>बाबु - सरण बहादुर सार्की<br>बाजे - धतुरे<br>स्थायी ठेगाना- उदयपुर जिल्ला, ठोक्सिला गा.वि.स., वडा न.७<br>हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.४ | १. **रेनुका सार्की**<br>ना.प्र.नं.- २४०२<br>जारी मिति - २०६०-११-१६, जि.प्र.का. उदयपुर<br>बाबु - बल बहादुर सार्की<br>बाजे - दान बहादुर सार्की<br>स्थायी ठेगाना- उदयपुर जिल्ला, ठोक्शिला गा.वि.स., वडा न.७<br>हालको ठेगाना - उदयपुर जिल्ला, बेलका न.पा., वडा न.४ |

| ख. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **रेनुका सार्की**<br>ना.प्र.नं.- २४०२<br>जारी मिति - २०६०-११-१६, जि.प्र.का. उदयपुर<br>बाबु - बल बहादुर सार्की<br>बाजे - दान बहादुर सार्की<br>स्थायी ठेगाना- उदयपुर जिल्ला, ठोक्शिला गा.वि.स., वडा न.७<br>हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.४ | १. **दान बहादुर सार्की**<br>ना.प्र.नं.- १६४३<br>जारी मिति - २०३२-१०-२४, जि.प्र.का. उदयपुर<br>बाबु - सरण बहादुर सार्की<br>बाजे - धतुरे सार्की<br>स्थायी ठेगाना- उदयपुर जिल्ला, ठोक्सिला गा.वि.स., वडा न.७<br>हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.४ |

**लिलाम हुने सम्पतिको विवरण**

१. **दान बहादुर सार्की**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. ६९४, ६६६, ७२९ र ७३० को क्षे.फ. ४२३.३० (व.मी), ४२३.३० (व.मी), ५०.८० (व.मी) र ५७५.६९ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ फागुन २५ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ फागुन २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति फागुन २६ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि


**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# सशस्त्र प्रहरी बल विधेयक र यसले उठाएका सवाल



• नारायणबाबु थापा

यतिखेर संगठनभित्रका केही अधिकृत परिच्छेद, दफा, उपदफा र खण्डखण्ड पढ्नमा उद्यत देखिन्छन् तर त्यसभित्र आफूलाई राखेर यसले के हुन्छ भन्ने चासो बढिरहेको पाइन्छ । तल्लो दर्जाकाहरू १६ र १८ वर्षमा पेन्सन जान पाइने भयो भनेर उत्साही भएको पाइन्छ । ३० वर्षे सेवाको प्रावधान हटेपछि करिब ६ प्रतिशत जनशक्ति जागिर लम्बिने भयो, बुढ्यौलीसम्मै मजाले खान पाइने भयो भनेर हौसिएको पाइन्छ भने ९४ प्रतिशत जनशक्ति जो ३० वर्ष नै सेवामा रहन चाहँदैनन्, उनीहरू छिटो निस्केर अरू उपाय खोज्न मिल्ने भयो भनेर रमाएको पाइन्छ




यतिखेर राष्ट्रमा रहेका दुई सुरक्षा निकायमध्ये सशस्त्र प्रहरी बल र नेपाल प्रहरीसम्बन्धी विधेयक चर्चाको विषय बनेको छ । २०१२ सालमा बनेको प्रहरी ऐन र २०५८ सालमा बनेको सशस्त्र प्रहरी ऐन संवैधानिक मर्मअनुसार नयाँ बन्ने प्रक्रिया अघि बढेको पाइन्छ । सम्बन्धित संगठन, गृह मन्त्रालयसहितको गृहकार्यपश्चात् विधेयकको रूपमा संसद्मा दर्ता भएको छ । प्रतिनिधिसभाको वेबसाइटमा प्रकाशित भएपश्चात् सरोकारवालाहरूले पनि कस्तो बन्न लागेछ त ऐन भनेर बल्ल हेर्न, पढ्न र बुझ्न पाएका छन् । लामो समय संगठनमा सेवा व्यतीत गरेका अवकाशप्राप्त कर्मचारीलाई कुनै सुइँकोसमेत नदिएर अन्तिम संघारमा आइपुगेको विधेयकबारेमा पूर्वकर्मचारीले समेत चासो व्यक्त गर्न थालेका छन् ।

यसै सन्दर्भमा सशस्त्र प्रहरी विधेयकबारेमा केही विहंगावलोकन गर्नु सान्दर्भिक ठानिएका कारण त्यसैलाई केही केलाउने प्रयास गरिएको छ । संसारभर नागरिक सर्वोच्चता भनेको निर्वाचित, जनअनुमोदित सरकारको अन्तर्गत हो, त्यसलाई युनिफर्म नलगाउने सिभिल कपडा लगाउने कर्मचारीहरूको सर्वोच्चता भनेर बुझिन हुँदैन । यसैगरी आदेश शृंखला भत्कने तथा कमजोर बन्ने गरी संगठनलाई अवाञ्छित नियन्त्रण गर्न बीचमा अर्को आदेश दिने अधिकारीको कल्पना हुनै सक्दैन । केन्द्रीय अर्थात् संघीय सुरक्षा निकायको रूपमा रहने सशस्त्र प्रहरी बलको परिचालन स्पष्टतः नेपाल सरकारले गरिनुपर्छ । त्यसमा नियन्त्रण, सुपरिवेक्षण, अनुगमन गृह मन्त्रालयको हुनुपर्छ र २०५८ मा बनेको ऐनको मर्म त्यहीअनुसार देखिन्छ ।

यतिखेर संगठनभित्रका केही अधिकृतहरू परिच्छेद, दफा, उपदफा र खण्ड खण्ड पढ्नमा उद्धत देखिन्छन् तर त्यसभित्र आफूलाई राखेर यसले के हुन्छ भन्ने चासो बढिरहेको पाइन्छ । तल्लो दर्जाकाहरू १६ र १८ वर्षमा पेन्सन जान पाइने भयो भनेर उत्साही भएको पाइन्छ । ३० वर्षे सेवाको प्रावधान हटेपछि करिब ६ प्रतिशत जनशक्ति जागिर लम्बिने भयो, बुढ्यौलीसम्मै मजाले खान पाइने भयो भनेर हौसिएको पाइन्छ भने ९४ प्रतिशत जनशक्ति जो ३० वर्ष नै सेवामा रहन चाहँदैनन्, उनीहरू छिटो निस्केर अरू उपाय खोज्न मिल्ने भयो भनेर रमाएको पाइन्छ । तर, पेन्सन भने २० वर्ष पुगेपछि मात्र पाउने तर ४ वर्ष ढाक्रेसरह बन्नुपर्ने तथा पाएको पेन्सन पनि योगदानमा आधारित हुने हेक्का भने कमैले राखेको पाइन्छ । तर, विधेयक तर्जुमामा महत्त्वपूर्ण भूमिका खेल्ने पात्रहरू भने मेरो या हाम्रो पालामा तलको दर्जाले १६ वर्ष र १८ वर्षमै पेन्सन निस्कन पाउने भए र प्रगतिको मुख्य बाधक नै ३० वर्षे प्रावधान हो र यसलाई अब हटाइने भयो भनी उपलब्धिको रूपमा व्याख्या गरेको सुनिन्छ । ३० वर्षे प्रावधान हटेपछि जागिर लम्बिनेबाहेक समग्रमा वृत्ति विकासमा के कस्तो असर गर्छ त्यसबारेमा विधेयक मौन रहेको देखिन्छ र आजसम्म वृत्ति विकासको मुख्य सौन्दर्य नै ३० वर्षमा स्वतः अवकाश पाउने रहेको थियो भन्ने बुझेको पाइँदैन । इन्स्पेक्टर भएको १४ वर्षमा एक प्रमोसन पाउन नसकिरहेको अवस्थामा ४ वर्षको साटो ३ वर्ष सेवा पुगेपछि बढुवा हुन सक्ने प्रावधानले मनोबल उँचो हुन्छ भनेर हौसिनु पनि हुँदैन ।

विधेयक परिणत भएर बन्ने ऐन कसैलाई जागिर खुवाउन, माथि माथि उकाल्न, नेतृत्वमा पुऱ्याउन मात्रै बन्दैन । यसले समग्रमा सुरक्षा निकाय भावी दिनमा प्रभावकारी रूपमा देशको शान्ति सुव्यवस्था, अमनचयन कायम गर्ने पक्षमा कसरी उभिन सक्छ भन्ने देशको लागि महत्त्वपूर्ण पक्ष हो । यही सेरोफेरोमा भइरहेको ऐन कस्तो थियो र किन र केका लागि अर्को बनाउन लागिएको हो भन्ने पनि स्पष्ट हुनुपर्छ । ऐन र नियमावली मिसाएर एकै बनाएर मात्रै ऐन समय सुहाउँदो, संगठनको प्रगति उन्मुख र बलियो सुरक्षा निकाय बनाउन सक्षम छ भनेर व्याख्या गर्न हुँदैन र सकिँदैन पनि ।

सशस्त्र प्रहरी बल समयको आवश्यकताले जन्माएको पछिल्लो सुरक्षा निकाय हो । यसको उदयलाई तत्कालीन अवस्थामा देशको सुरक्षा स्थिति कस्तो थियो भन्न इतिहासअघिको इतिहास होइन कि अस्ति भर्खरको इतिहास हेर्नुपर्ने हुन्छ । लड्दालड्दै ढलेको र ढल्दाढल्दै पनि जुरुक्क उठेर फेरि लडेको, लडाइँमा एक गण्डकी पसिना, एक कर्णाली रगत र एक कोशी आँसुले बनेको संगठन हो सशस्त्र प्रहरी बल । तसर्थ, यसको इतिहासलाई अब त्यस्तो अवस्था आउँदैन, सर्वत्र शान्ति छायो भनेर नजरअन्दाज गरिनु हुँदैन । हिजो स्थायित्व भएका देशहरू द्वन्द्वको दुष्चक्रमा गुज्रिरहेका छन् र मान्छे धर्तीमा हुन्जेल उथलपुथल, द्वन्द्व समाजमा सिर्जना भइरहन सक्छ भनेर सोच्नुपर्छ । लामो संक्रमणकालीन चरण, तराई र पूर्वी पहाडमा उदाएको सशस्त्र गतिविधि नियन्त्रण, चारै दिशाको सीमा सुरक्षा, महाभूकम्पलगायत बर्सेनि भइरहने विपद्मा खोज तथा उद्धार, विदेशमा शान्ति फौजको रूपमा तैनाथीलगायत दिइएको सबै जिम्मेवारीमा सीमित जनशक्ति, साधनश्रोत तथा बन्दोबस्तीको बावजुद पनि खरो उत्रिएको योगदानलाई अझ प्रखर तुल्याउन जरुरी हुन्छ । साथै सुरक्षाफौजको निर्माण, संस्कारको विकास, चेन अफ कमान्ड तथा अनुशासनको बलियो कडी लामो समयको अन्तरालमा बन्दै जाने भएकाले निर्वाचनमा म्यादी प्रहरी भर्ना गरेजस्तो आजको भोलि नै फौज तयार गरिरहन सकिँदैन । तसर्थ सुरक्षा स्थिति प्रतिकूल बनेको अवस्थामा अग्रभागमा रहेर देश र जनताका लागि बलिदानी दिन सक्ने कर्मठ सुरक्षाकर्मी निर्माण गर्नु जरुरी हुन्छ ।

आम रूपमा सुरक्षा संगठनको अवस्था के छ ? गाउँगाउँबाट बस्ती बस्तीबाट भर्ती भएका समस्त सदस्यहरूको अवस्था के छ ? दिएको तलबले परिवार पाल्न पुगेको छ कि छैन ? किन अल्पकालमै सेवा छाड्नेहरू बढिरहेका छन्, यसले पेन्सनको दायित्व र खर्च कसरी बढाउँदै लगेको छ, एक सिपाही पाको हुन कति समय लाग्छ, किन खाडी, मलेसिया, कोरियातर्फ आकर्षित छन्, के कारणले मर्छु भन्दाभन्दै रुसको सेनासम्म भर्ती हुनुपर्ने अवस्थासम्म पुऱ्यायो भन्ने तिता पक्षलाई केलाउनु जरुरी भइसकेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र नेपाली सेना दुवैको प्रतिस्पर्धी, एकको ब्याकअप अर्को हो भन्ने बुझाइ रहेको छ, तर त्यो हैन । सशस्त्र प्रहरी, परिचालनको बेग्लै स्वरूप भएको संगठित फौज हो । नेपाल प्रहरी सँगसँगै एकै काममा सदा परिचालन गरिने निकाय सशस्त्र प्रहरी बल हैन । यो सेक्सन, प्लाटुन, कम्पनी र बटालियन लेभलमा सुरक्षा चुनौती हेरेर परिचालन हुने निकाय हो । प्रहरीजस्तै परिचालन गरिँदा यसको फौजी स्वरूप तथा चरित्रमा ह्रास आउँछ र परिआएको बखत काम गर्न असमर्थ बन्न जान्छ । प्रहरी हो भन्दैमा एकै हो, एकै ढंगले परिचालन गर्दा हुन्छ, मिल्छ भन्ने आधारमा हेरिनु हुन्न । अपराध अनुसन्धान तथा सामुदायिक प्रहरीको रूपमा गाउँसम्म सानो टुकडीमा रहने नेपाल प्रहरी र हतियारबद्ध, ब्यारेक प्रणाली, सुदृढ चेन अफ कमान्ड, फौजी तालिम तथा अनुशासनमा आबद्ध निकायलाई उस्तै गरी एकै मेसोमा परिचालन गरिँदा भोलिका दिनमा संकटग्रस्त अवस्थामा कामयाबी हुन सक्दैन ।

मित्रराष्ट्र भारतमा आर्मी, नेभी, एअरफोर्स र प्रदेश प्रहरीबाहेक दस लाखको जनशक्तिसहित सातवटा केन्द्रीय रिजर्भ प्रहरी, अर्धसैनिक बलहरू रहेका छन् । सबैको जिम्मेवारी तोकिएको छ र आन्तरिक सुरक्षाहरूमा कतिपय स्थानहरूमा संयुक्त रूपमा समेत परिचालित भएर कार्य गर्दै आएका छन् । तर सम्बन्ध एकआपसमा सौहार्दपूर्ण र बलियो रहेको छ । न एकले अर्काको बलियो भयो, अधिकार धेरै भयो भनेर ईर्ष्या गर्छ न कमजोर होस् भन्ने सोच राख्छ । अहिलेको आवश्यकता राज्यका सबै निकाय, सबै सुरक्षा निकाय बलियो, सुदृढ, साधनस्रोत सम्पन्न भएर अघि बढ्नुपर्छ भन्ने फराकिलो सोचाइ रहनुपर्छ । एकले अर्काको डाहा गरिरहन पनि हुँदैन । सबै बलियो भएको खण्डमा समग्रमा त्यसको प्रभाव एकको अर्कालाई पर्न जान्छ र समुच्चमा देशको सुरक्षा व्यवस्था नै बलियो बन्न पुग्छ । ऐन, नियम, नीति, विधिअनुसार एकमा रहेको राम्रा प्रावधान अर्कोले अनुसरण गरेर जान सकिन्छ ।

अर्को पाटोतिर केलाउँदा सरुवा बढुवामा भनसुन गर्न नपर्ने, आफूले गरेको कामको अभिलेखबाहेक अरू कोही नचाहिने, फुली लगाउन चिन्न पनि नपर्ने र किन्न पनि नपर्ने, हाम्रा स्वतः राम्रा हुने र छुट्नै नहुने निर्धाको कोही नहुने खालको नौबत आउन नदिन विधेयक कति सक्षम होला भनेर खोतल्नुपर्ने हुन्छ । वर्षौं दोहोरिइरहने दुष्चक्रको अन्त्य यसले अब गर्न सक्छ कि सक्दैन ? सरुवा र बढुवा हुन नियुक्ति र जिम्मेवारी छाडेर राजधानीमा डेरा जमाउन पर्ने, ढोकाको घण्टी बजाउँदै थरीथरीका नेतालाई सलाम ठोक्नुपर्ने, म कर्णाली पारीको हुँ, म राप्ती भेकको हुँ र म कोशीपारिको हुँ नि भन्दै सादर अनुरोध गर्नुपर्ने पुनरावृत्ति दोहोरिरहन्छ कि अन्त गर्छ अबको ऐनले भन्ने मुख्य कुरा रहेको छ ।

देश यही हो, सरकार यस्तै हो तर यही देशको सेनामा नेतृत्वमा जाने करिब १ वर्षको हाराहारीमा तस्बिर सार्वजनिक हुन्छ, जाने प्रधानसेनापतिले नयाँ बन्नेलाई जिम्मेवारी सिकाउँदै लैजान्छ र नेतृत्वका लागि क्रमशः तयार गर्छ । यसैगरी महिना दिनअघि नै सरकारले नयाँ नेतृत्वको सिफारिस गर्छ, बुझबुझारथ व्यवस्थित तवरमा सम्पन्न हुन्छ । पत्रपत्रिकामा भएभरकाको फोटोहरू कतै रंगिएको पनि पाइँदैन । तर, प्रहरीहरूमा भने यसपछि को हुन्छ भन्ने अनुमान लगाउन सकिँदैन । कुन नेताको को नजिक भनेर तौलने गरिएको पाइन्छ । नेताहरू, सांसद, पत्रकार, ठेकेदार, भित्रका सदस्यहरू समेत ध्रुवीकृत हुन्छन् । को कस्तो भनेर एकले अर्काको ग्रहदशासहितको चिना, तीनपुस्ते केलाउँदै आन्द्राभुँडीसमेत बाहिर निकाल्छन् । सत्तापक्षका दलका पालिका, प्रदेश तहसम्मका नेता राजधानीमा भनसुन गरिदिन आमन्त्रित हुन्छन् । वातावरण बनाउँदै, निवास, डेरा र रेस्टुरेन्टमा भेटघाट तय हुन्छ । जबसम्म अघिल्लो साँझ या त्यही दिन टीभीमा फलानोलाई नियुक्ति गरियो भनेर ब्रेकिङ न्युज प्रसारण गर्दैन त्यो बेलासम्म भित्र-बाहिरका सबै अन्योलमा रहन्छन् । महिनौं राम्ररी निदाउन नसकी झस्केको, दसतिर धाउँदै, निहुरिँदै, हजुर म, भनेर अनुनय विनय गरेको रुग्ण, कमजोर, अस्तव्यस्त र थकित आईजीपी लामो श्वास फेरेर, बल्ल फुली लगाएर हेडक्वार्टरको गेट छिरेपछि एकाएक औंलो ठड्याउँदै, याद गर है, म अरूजस्तो हैन भनेर गर्जन्छ ।

केही अघिसम्म के हो जिम्मेवारी भन्ने मेसोमेलो नपाएको, आफ्नै ठेगान नहुने संशयबीच मानसिक रूपमा कुनै तयारी नगरेको अब एकाएक अपरेसन, प्रशासन, तालिम, सीमा, विपद् व्यवस्थापन, अर्थ, बन्दोबस्ती, निर्माणलगायत सारा जिम्मेवारीको सर्वज्ञाता कमान्डरको रूपमा उदाउँछ । अघिल्लो सबै बेठीक अबको सबै ठीक भन्ने भाष्य अनायास निर्माण हुन्छ । हिजोका ताबेदारहरूले रङ बदल्छन्, नयाँ आठपहरियाहरू स्वतः निर्माण हुन्छन् । यिनै इतिहासका परिघटनाहरूलाई व्यवस्थित तुल्याउन विधेयक सक्षम होला कि नहोला चिन्ताको विषय रहेको छ । हैन भने मिर्जा गालिवको सायरी जस्तै 'दिल मे दर्द हो तो दवा कीजे, जब दिल ही दर्द हो तो क्या कीजे, हमको फरियाद करनी आती है आप सुनते नहीं तो क्या कीजे' भन्दै गुनगुनाउनुपर्ने हुन्छ ।

*(अवकाशप्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक थापा पूर्व सशस्त्र प्रहरी संघका अध्यक्षसमेत हुन् ।)*

## टिप्पणी प्रतिक्रिया

# ट्राफिक लाइट, संकेत तथा सडक मर्मत–सम्भार गरौं

मानव सभ्यताको विकासको क्रममा मानिस एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्ने प्रक्रिया निरन्तर चलिहरन्थ्यो । त्यसकै परिणाम हिजोभन्दा आज नयाँनयाँ प्रविधि तथा साधनको विकास र प्रयोग दिनप्रतिदिन बढ्दोक्रममा छ । यही क्रममा मानव जीवन पृथ्वीमा अवतरण भएपछि आफ्ना व्यक्तिगत आवश्यकता परिपूर्तिका लागि विभिन्न ठाउँमा जान तथा खोज अनसन्धानका लागि बाटोको प्रयोग र फर्किनका लागि स्थानीय रूपमा उपलब्ध वस्तु तथा स्रोतसधनको प्रयोग गर्ने संस्कार र प्रवृत्ति विकास भयो ।

विश्वव्यापी मान्यताअनुसार सडक जुनसकै क्षेत्रको भए तापनि सडक साझा रूपमा पहिलो प्राथमिकतामा यात्रुलाई राखिन्छ, त्यसपछि मात्रै साधन अर्थात् सवारीको । मानिसहरू विवेकशील प्राणी भएकाले विभिन्न किसिमका जनावरलाई आफ्नो नियन्त्रणमा राखेर एक ठाउँबाट अर्को ठाउँमा जाने परम्परागत यातायात साधनको रूपमा घोडालगायत घरपालुवा जनावरको प्रयोग भएको मानव सभ्यतामा पाइन्छ । जीवित जनावरलाई बाँच्नका लागि खाद्यान्नको अभाव भएपछि विश्वमा पहिलोपटक जर्मन वैज्ञानिक ब्यारोन कार्ल भोन ड्रेजले सन् १८१७ मा चेनविहीन सिक्री नभएको विश्वको पहिलो काठको साइकल बनाएका थिए । त्यसको लगत्तै फ्रान्समा त्यसको आइडिया प्रयोग गरेर धेरै मात्रामा साइकल उत्पादन भएपछि पियरे मिचौक्सले सन् १८६० मा पेरिसमा पहिलो मोटरसाइकल आविष्कार गरेका थिए ।

नेपालमा कहिले मोटरसाइकल भित्रियो यसको कुनै आधिकारिकता छैन तथापि श्री ३ मोहनशमशेरले विसं २००६ सालताका ब्रिटेनमा बनेको 'ट्रिम्फ स्पिड ट्वीन' अघिल्तिर पारेर फोटो खिचाएको देखिकाले सोही समय आसपास नेपालमा मोटरसाइकल चढ्ने क्रम सुरु भएको अनुमान गरिएको छ ।

रोबर्ट एन्डर्सनले सन् १८३२ मा पहिलोपटक विद्युत्बाट चल्ने सवारीसाधन आविष्कार गरेका थिए । तर, त्यसप्रतिको आकर्षणका कमीले सन् १८७० सम्म विस्तृत विकास हुन सकेन । सन् १८८४ देखि भने विद्युतीय कारको विकास गर्न विश्वका वैज्ञानिकहरू लागे । यसरी विद्युतीय सवारी साधनहरू पहिलोपटक १९औं शताब्दीको मध्यमा अस्तित्वमा आएको थियो । २०औं शताब्दीको सुरुवातमा भएका विभिन्न प्रकारका युद्धहरूमा समेत घोडा कुकुरलगायत विभिन्न जनावरहरूलाई मेसिनगनजस्ता हातहरियार बोकाएको इतिहासमा अध्ययन गर्न पाइन्छ ।

विश्वमा शान्ति स्थापना भएपछि औद्योगिक विकासले सवारी साधनको विकास र प्रविधिमा फड्को मार्दै गयो । जसको परिणाम आजको सडक व्यक्तिगत हुँदै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संरचना पार गर्दा आज सडक राष्ट्रिय गौरवको योजनाले अन्तर्राष्ट्रिय सडकको मान्यता विश्वव्यापी रूपमा हासिल गरिरहेको छ । यहीँ सन्दर्भमा साझा सडकमा यात्रा गर्ने यात्रु र साधनको प्रयोगमा एकरुपता ल्याउन अन्तर्राष्ट्रिय सडक मापदण्डको रूपमा ट्राफिक लाइट, संकेतहरूको प्रविधिसहितको विकास र प्रयोग भइरहेको छ ।

नेपालको सन्दर्भमा भन्नुपर्दा नेपालमा सडक र सवारी साधनको प्रयोगमा सर्वसाधारण जनताको हितमा भन्दा पनि केही सीमित मानिसको स्वार्थका लागि ठेक्कापट्टाजस्ता प्रवृतिको कारण अनाहकमा नेपालीले ज्यान गुमाउन परेको छ । माटाको अवस्था र सडकको गुणस्तरलाई बेवास्ता गरी जथाभावी सडक निर्माण र मापदण्डको नाउँमा सडक विस्तार तथा अत्यधिक सवारी साधनको प्रयोग क्षेत्रमा आवश्यक ट्राफिक लाइट, संकेत प्रयोगलाई यथाशीघ्र सम्पन्न गर्ने गराउने नीति छैन । यसले गर्दा खाल्डाखुल्डीको कारण सर्वसाधारण सडकमा यात्रा गर्ने यात्रुहरूले दुर्घटनाजस्ता विभिन्न किसिमको जोखिम वहन गर्नुपर्ने स्थिति छ । विकासको पूर्वाधारको साझा र मेरुदण्डको रूपमा रहेको सडकलाई सबैसामु पुऱ्याउन जरुरी छ । यसले विभिन्न किसिमका यातायात साधन प्रयोग गर्ने नगर्ने सबैको आवश्यकतालाई सहजै पूरा गर्ने वातावरण बनाइदिन्छ । सडक कसैको पनि व्यक्ति विशेषको हुँदैन । सडक बनाउन वर्षौं लाग्छ भनेर सीमित व्यक्तिको स्वार्थ पूरा गर्न गराउन राज्य संयन्त्र नै लागेर अन्य विकल्प तयार गर्छ भने यसले देश र माटो प्रति बेइमानी गरेको हुन्छ ।

सडकमा गुड्ने गुडाउने सवारी साधनले सामान्य मानिसको यात्रालाई सहज बनाउनुपर्छ । आफ्नो निजी सम्पत्ति प्रयोग गर्ने नाउँमा अन्यको यात्रा गर्ने अधिकारलाई असहज पैदा गरेर हर्न बजाउने, गति असीमित गर्ने, मनपरी गुडाउने परिपाटीलाई सकारात्मक परिवर्तन गर्ने गराउने नीति र योजना स्थानीय सरकारसँग समन्वय गरेर बनाउन जरुरी छ । आकासे पुल बनाउन सकिने अवस्थामा आकासे पुल बनाउने, नसकिने अवस्थामा विभिन्न किसिमका ट्राफिक लाइट, संकेतहरूको आवश्यकताअनुसारको प्रयोगलाई विशेष ध्यान पुऱ्याउनुपर्छ । मेटिएका ट्राफिक संकेत वा चिह्नहरूलाई समयसमयमा मर्मतसम्भार गरी जनताको जीउज्यानलाई सुरक्षित राख्नुपर्छ ।

• सत्यराम कासिछ्वा
*सूर्यमढी-९, भक्तपुर*

## सन्दर्भ

# गुणस्तरीय शिक्षामा स्थानीय सरकार



• खेमराज निरौला

कक्षाकोठामा प्रयोग हुने सामग्री बनाउने तरिका, यसको व्यवस्थापन, प्रयोग विधि, स्रोतसाधनको संकलन एवं प्रस्तुतीकरणका विषयमा आफ्नो स्थानीय तहमा भएका शिक्षकलाई साक्षात्कार गराएर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ

नेपालको संविधान २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था गरिएको छ । त्यसैगरी धारा ५१ को खण्ड ज मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिको प्रावधान राखिएको छ । यसअन्तर्गत शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम एवं प्रतिस्पर्धी जनशक्ति तयार पार्ने भनिएको छ । त्यस्तै, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने र उच्च शिक्षालाई गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नीति छ ।

त्यस्तै, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीअन्तर्गत आधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको अधिकारक्षेत्रभित्र राखिएको छ । नेपालको संविधानले स्थानीय सरकारलाई स्वायत्त एवं स्थानीय स्तरको विकास र समृद्धिको निर्णायक पक्षका रूपमा अधिकारसम्पन्न र जिम्मेवार बनाएको छ । गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिबीच आपसी तालमेल, समन्वय र सहकार्यका माध्यमबाट जिल्लाको समग्र विकासको जिम्मेवारी स्थानीय जनप्रतिनिधिका हातमा छ । आफ्नो स्थानीय तहको शैक्षिक गुणस्तर उकास्ने अवसर र भूमिका स्थानीय जनप्रतिनिधिहरूको दूरदर्शिता र विवेकपूर्ण निर्णयमा केन्द्रित भएको छ । विद्यार्थी तथा अभिभावकको ठूलो आशा र भरोसा जनप्रतिनिधिमा छ तर केही स्थानीय तहबाहेक अधिकांश जनप्रतिनिधि सामुदायिक शिक्षाको मर्म र भावना बुझेर निर्णय लिएको पाइएन । शैक्षिक गुणस्तर सुधारका नाममा विद्यालयलाई भौतिक रूपमा मात्र सुन्दर र सजिसजाउ बनाउने काम भएको छ । धेरै जनप्रतिनिधिको विचारमा गुणस्तरीय शिक्षाको अर्थ पक्की भवन, तारबार, सामाजिक सञ्जालका पोस्टहरू र २-४ थान कम्प्युटर बन्नुले स्थानीय स्तरको शैक्षिक विकासले गति लिन सकेको छैन ।

स्रोतसाधन र पूर्वाधारका हिसाबले यी सुविधा उपलब्ध हुनु राम्रै पनि हो तर संज्ञानात्मक तहका दृष्टिकोणले हेर्दा विद्यार्थीको सिकाइ स्तर र व्यवहारमा आएको परिवर्तनले ठूलो महत्त्व राख्छ । यसतर्फ स्थानीय तहहरूले खासै ध्यान दिएको पाइएन । आफ्नो राजनीतिको दुनो सोझ्याउने स्वार्थबाहेक शैक्षिक क्षेत्रको चुरो कुरो बुझेर काम गरेको पाइएन । स्थानीय सरकारको काम भनेको आफूइतर शिक्षकलाई अपायक पर्ने ठाउँमा बिनाकारण सरुवा गर्ने, तर्साउने, बिनाकारण र बिनातर्क विद्यालयको प्रधानाध्यापक परिवर्तन गरी शैक्षिक वातावरणलाई तहसनहस बनाउने काम पनि कतिपय स्थानीय तहका प्रमुखहरूकै नेतृत्वमा भएका छन् । यसले शैक्षिक गुणस्तरमा कुनै पनि दृष्टिकोणबाट टेवा पुऱ्याउने देखिँदैन ।

वर्षौंदेखि विभिन्न नीतिगत त्रुटि, अस्थिरता, राजनीतिक हस्तक्षेप र विसंगतिमा रुमल्लिइरहेको शिक्षा प्रणालीमा अपेक्षाकृत सुधार हुन नसक्नुका पछाडि स्थानीय जनप्रतिनिधिको अज्ञानता र अक्षमता नै प्रमुख कारण बनेको छ । सामुदायिक शिक्षाको गुणस्तरका विषयमा विभिन्न तवरले टीका टिप्पणी भइरहेको सन्दर्भमा जनप्रतिनिधिहरूले शैक्षिक समस्याहरूका बारेमा पूर्ण जानकारी लिई समाधानका उपायहरू निकाल्न सकेमा मात्र स्थानीय तह सफल ठहरिन्छ ।

नीतिगत रूपमा नेपालमा शैक्षिक सुधारका प्रयासहरू नभएका भने होइनन् । खासगरी २०२८ सालपछि नेपालमा कस्तो शिक्षा नीति उपयुक्त हुन्छ भन्नेबारेमा विभिन्न योजना परियोजना कार्यान्वयन पनि भइसकेका छन् । मौजुदा शिक्षा ऐनमा नवौंपटक संशोधन गरेर सुधारको प्रयास पनि गरिएकै हो तर यति प्रयासका बाबजुद पनि गुणस्तरमा सुधार आउन नसक्नुका पछाडिको कमजोरी पत्ता लगाउनुपर्ने भएको छ । सबैखाले प्रयास परीक्षणकै रुपमा न्यून उपलब्धिमै समाप्त भएका तीतो यथार्थ हाम्रो शिक्षा प्रणालीले भोगिरहेकै छ ।

शैक्षिक सुधारका प्रयासहरूको व्यावहारिक प्रयोग गर्ने थलो भनेकै विद्यालय हुन् तर तिनै विद्यालयलाई अनावश्यक राजनीतिक हस्तक्षेप गरी अस्थिर बनाउने काम स्थानीय तहहरूले गरिरहेका छन् । यसले शैक्षिक गुणस्तरमा प्रतिकूल असर पुग्ने देखिन्छ । स्थानीय सरकारले शैक्षिक गुणस्तर उकास्न आफ्नो स्थानीय तहमा धेरै काम गर्न सक्छन् । शिक्षकलाई उत्प्रेरणा र प्रोत्साहनदेखि लिएर पुरस्कृत गर्न पनि सकिन्छ । विभिन्न विषयगत शिक्षकहरूलाई विषयविज्ञबाट सिकाइका नवीनतम आयामका बारेमा पुनर्ताजगी तालिम सञ्चालन गरी क्षमता विकासको अभिवृद्धि गर्न सकिन्छ । त्यसैगरी कक्षाकोठामा शिक्षण कार्यका लागि प्रयोग हुने शैक्षिक सामग्री तयार पारी प्रयोग गर्न सकिन्छ । दैनिक कक्षाकोठामा शैक्षणिक प्रयोजनका निम्ति शैक्षिक सामग्री अनिवार्य प्रयोग हुने भएकाले बाहिरबाट खरिद गर्नुभन्दा शिक्षकलाई तालिम दिएर स्थानीय सामग्रीबाटै निर्माण गर्न पनि सकिन्छ । स्थानीय स्तरमा प्राप्त स्रोतसाधनबाट थोरै समय र बिनालगानी शैक्षिक सामग्री निर्माण गरी राम्रो र रमाइलो वातावरणमा विद्यार्थीलाई सिकाउन सकिन्छ ।

कक्षाकोठामा प्रयोग हुने सामग्री बनाउने तरिका, यसको व्यवस्थापन, प्रयोग विधि, स्रोतसाधनको संकलन एवं प्रस्तुतीकरणका विषयमा आफ्नो स्थानीय तहमा भएका शिक्षकलाई साक्षात्कार गराएर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यालयको शैक्षिक गुणस्तर सुधारलगायत यावत् पक्ष व्यवस्थापन चुस्तदुरुस्त राखी प्रणालीगत विकासमा प्रअको भूमिका महत्त्वपूर्ण हुने गर्छ । विद्यालयको प्रअ शैक्षिक एवं व्यवस्थापकीय नेतृत्व दिन सक्ने हुनुपर्छ । योग्य, सक्षम र दूरदृष्टि भएको विद्यालय सुशासनलाई बुझेको प्रअले मात्र शैक्षिक नेतृत्व दिन सक्छन् । त्यस्तो क्षमतावान् र नेतृत्वदायी भूमिका दिन सक्ने कुशल प्रअ तयार पार्ने काम स्थानीय सरकारले गर्नुपर्छ तर यसको विपरीत विद्यालयका प्रअलाई स्थानीय सरकार प्रमुखहरूले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्ने भरपर्दो माध्यमका रूपमा मात्र प्रयोग गरेको देखिन्छ । दलीय स्वार्थअनुकूलका काम गर्न आनाकानी गरे झोला ठीक पार्नुपर्ने तीतो यथार्थले स्थानीय तहको शिक्षा बेलगाम बनेको छ । अधिकार लिनका लागि हानाथाप गर्ने तर त्यो अधिकारलाई गलत ठाउँमा प्रयोग गर्ने होडबाजीले शैक्षिक गुणस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन ।

विद्यार्थीको सिकाइलाई परिष्कृत र दिगो बनाउनका लागि विभिन्न किसिमका सिर्जनात्मक एवं सामूहिक खोज र अनुसन्धानमूलक शैक्षिक क्रियाकलापमा प्रेरित गर्ने वातावरण तयार गर्न सकेको खण्डमा विद्यार्थीले एकआपसबाट सिक्ने मौका पाउँछन् । यसले विद्यार्थीको सिकाइलाई मजबुद बनाउन टेवा पुग्छ । अभिभावकको चासो, चिन्ता, सहभागिता र निगरानीबिना सामुदायिक शिक्षाको गुणस्तर सुधार हुन सक्दैन । आफ्ना नानीहरूलाई विद्यालयको जिम्मा लगाएपछि सबै कुरा ठीक भएको ठान्ने अभिभावकहरूलाई स्थानीय सरकारले जिम्मेवार बनाउन जरुरी छ । सरकारी विद्यालयमा भर्ना गरेपछि बेखबर बन्ने समुदायलाई जगाउने काम पनि स्थानीय सरकारले नै गर्नुपर्छ ।

विद्यालयको शैक्षिक, भौतिक एवं प्रशासनिक पक्षमा अनुगमन तथा निरीक्षणको ठूलो महत्त्व हुन्छ । अनुगमन र निरीक्षण नभएको संस्थामा प्रगतिको कुनै गुन्जायस हुँदैन । अहिले हाम्रा स्थानीय तहका जनप्रतिनिधिको विद्यालय निरीक्षण र अनुगमन नाम मात्रका छन् । एउटा नाम मात्रको शैक्षिक क्यालेन्डर छापिदिने र त्यसको औपचारिकता पूरा गर्नका लागि विद्यालयमा पाइलो मात्र राखिदिने प्रवृत्तिले शिक्षा क्षेत्रले सुधारको बाटो समात्न सकेको छैन । यो कार्यले जनप्रतिनिधि आलोचित बनेका छन् ।

स्थानीय तहको विकास र समृद्धिको मुख्य आधार नै शिक्षा हो भन्ने बुझाइको कमी देखिन्छ । स्थानीय तहको शैक्षिक प्रणालीका बारेमा सरोकारवालाहरूको गुनासाहरू धेरै छन् । विज्ञान र प्रविधिको विकाससँगसँगै हाम्रो शैक्षिक प्रणालीले फड्को मार्न नसक्दा गुणस्तर खस्कँदो छ । समयसापेक्ष शिक्षा नीति अंगीकार गर्दै चल्न सकिएन र प्रविधिलाई शिक्षण सिकाइमा जोड्न सकिएन भने हामी असफल, हाम्रो शिक्षा नीति असफल हुनेछ । यो वास्तविकतालाई बुझेर स्थानीय सरकारले शिक्षालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नगरे आलोचना र गालीको भारी बोक्न हाम्रा जनप्रतिनिधि तयार हुनुपर्छ ।

# सिटिजन लाइफ इन्स्योरेन्सको लाभांश घोषणा

Citizen Life Insurance — समृद्धि तपाईंको, साथ हाम्रो

**राजधानी समाचारदाता**
काठमाडौं, १० फागुन

सिटिजन लाइफ इन्स्योरेन्सले गत आर्थिक वर्षको मुनाफाबाट सेयरधनीहरूलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ। इन्स्योरेन्सको सञ्चालक समितिको बिहीबार बसेको बैठकले लाभांशको निर्णय गरेको हो। इन्स्योरेन्सले हाल कायम चुक्ता पुँजीको २६ दशमलव ९८ प्रतिशतका दरले बोनस सेयर र सोको कर प्रयोजनार्थ १ दशमलव ४२ प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने घोषणा गरेको हो।

नेपाल बिमा प्राधिकरणबाट स्वीकृत भई इन्स्योरेन्सको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीले लाभांश पाउनेछन्।

# हाम्रो पात्रोको मेगा रिलिज

**काठमाडौं/रास–** लोकप्रिय एप 'हाम्रो पात्रो'ले आफ्नो प्रयोगकर्ताहरूका लागि नयाँ र सुविधाहरूसहितको मेगा रिलिज ल्याएको जनाएको छ। यस नयाँ संस्करणले प्रयोगकर्तालाई अझ सहज, व्यक्तिगत र समृद्ध अनुभव प्रदान गर्ने उद्देश्य राखेको सो कम्पनीले जनाएको छ। यसबाहेक यस संस्करणले प्रयोगकर्तालाई आफ्नो दैनिक जीवनलाई व्यवस्थित गर्न, चाडपर्व ट्र्याक गर्न र अन्तरक्रियात्मक सामग्रीहरूमा संलग्न हुन सजिलो बनाउनेछ।

## Madi Municipality
## Office of Municipal Executive
### Basantapur, Chitwan
### Bagmati Province, Nepal

## Invitation for e-bid

**First date of Publication: 2081/11/11 (23rd Feb 2025)**

1. **Madi Municipality, Office of The Municipal Executive Chitwan** invites electronic bids from duly eligible and qualified registered bidders for the Procurement of goods under National Competitive Bidding (NCB) Procedure.

| S.N. | Contract No. | Description of Works | Estimated Amount (without VAT) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/MMO/28/ 2081-82 | Procurement of Air Conditioner (A.C.) as per as Specifications. | 10,21,238.93 | 30,000.00 | 3,000.00 | 25th March 2025 12:00 hrs | 25th March 2025 13:00 hrs |

2. A complete set of Bidding Documents may be downloaded from the **PPMO E-Portal- www.Bolpatra.gov.np/egp :**

**Information to deposit the Bid Security & cost of bidding document in Bank:**

| S.N. | Name of Bank | Bank Address | Cash Deposit Account Name & Number for Bid Document | Cash Deposit Account Name & Number for Bid Security |
|---|---|---|---|---|
| 1. | Agricultural Development Bank | Basantapur, Madi, Chitwan | MADI MUNICIPALITY GA 1.1 INTERNAL REVENUE (0508800915977148) | MADI NAGARPALIKA KARYALAYA GA 3.1 (0508800915977091) |

3. Bid validity period: - Minimum 90 days from the last date of bid submission.
4. Bid Security validity period: - Minimum 30 days beyond the bid validity period.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The matters not Covered in this tender notice shall be in accordance with latest amendments of Public Procurement Act-2063, Public Procurement Regulation-2064 and Madi Municipality Public Procurement Regulation-2076.

**Chief Administrative Officer**

# नेसनल आईसीटी स्कलरसिपको आवेदन खुला

**काठमाडौं/रास–** नेपालको सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा ३३ वर्षदेखि क्रियाशील कम्प्युटर एसोसिएसन नेपाल (क्यान) महासंघले 'नेसनल आईसीटी स्कलर सिप-२०८१' का लागि आवेदन खुला गरेको छ। प्राविधिक शिक्षाका लागि विगत ७ वर्षदेखि वितरण हुँदै आएको छात्रवृत्ति कार्यक्रमको सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले औपचारिक उद्घाटन गरेका हुन्।

उनले छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरूलाई डिजिटल युगमा सफलता हासिल गर्न सीप प्रदान गर्दै नेपाललाई विश्वव्यापी सूचना प्रविधि क्षेत्रको अग्रस्थानमा पुर्‍याउन योगदान दिने विश्वास व्यक्त गरे। सूचना प्रविधिको निरन्तर परिवर्तनशील दुनियाँमा नवीनतम प्रविधिहरू सिक्दै जानु आवश्यक रहेकामा जोड दिँदै उनले भने, 'सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्ति तयार पार्नका लागि यो छात्रवृत्ति कार्यक्रम प्रभावकारी छ। यसलाई स्नातकोत्तर तहसम्म विस्तार गर्न सके, अनुसन्धान र उद्योग तयारी क्षमता अझ बलियो हुनेछ।'

क्यान महासंघले मैतीदेवीस्थित लर्ड बुद्ध एजुकेसन फाउन्डेसनसँगको सहकार्यमा नेपालभरका जेहेनदार तथा आर्थिक रूपमा कमजोर विद्यार्थीलाई लक्षित गरी यो छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिरहेको क्यान महासंघकी अध्यक्ष सुनैना घिमिरे पाण्डेले जानकारी दिइन्।

# 'ग्रे लिस्टबाट बाहिर निस्कन्छौं'

**काठमाडौं/रास–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल निर्धारित समयअगावै ग्रे लिस्टबाट बाहिर निस्कने बताएका छन्।

फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले नेपाललाई ग्रे लिस्टमा राखेपछि अर्थमन्त्री पौडेलले भने, 'विगतमा निर्धारित समयमा निर्धारित काम सम्पन्न गर्न नसक्दा यो परिस्थिति निर्माण भएको हो, पेरिस बैठकबाट नेपालको एक्सन प्लान स्वीकृत भएको छ।

## Sunkoshi Rural Municipality
## Office of Rural Municipal Executive
### Mulkharka, Okhaldhunga
### Koshi Province, Nepal

## Invitation for Bids

**Date of publication: 2081/11/11 (23rd Feb2025)**

**Invitation for Bids No: 01/NCB/MEDICINE/GOODS/SRM/2081-082**

1. The **Sunkoshi Rural Municipality, Okhaldhunga** invites NCB/electronic bids from eligible bidders for the procurement of **01/NCB/MEDICINE/GOODS/SRM/2081-082** under National competitive bidding - Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents atthe office of Sunkoshi Rural Municapility, Okhaldhunga, koshi Province nepalor may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically may purchase, download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost NRs 3,000 till 2081/12/13 (26th MAR.2025) during valid hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit/online deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Machhapuchchhre Bank Limited
   Name of Office: Sunkoshi Rural Municipality
   Name of Account: SUN GA.PA. AANTARIK RAJASWO GA-1.1
   Rajaswa (Internal revenue) Shirshak Account no.: 0950073610000031
   Office Code no.: 801011008 Revenue title: 14229
4. Pre-bid meeting shall be held at Sunkoshi Rural Municipality Office, Okhaldhungaat 8:00 AM on 16th March 2025 (2081/12/03).
5. Electronic bids must be submitted to the office Sunkoshi Rural Municipality Office, Okhaldhunga through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 26th March 2025 (2081/12/13). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm on 26th March 2025 (2081/12/13) at the Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Okhaldhunga. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.

   **Information to deposit the bid amount in Bank:**
   Name of the Bank: MachhapuchchhreBank,MulkharkaOkhaldhunga
   Name of Office: Sunkoshi Rural Municipality
   Account Name: SUNKOSHI GA.PA. DHARAUTI GA-3
   Dharauti Khata no.: 0950073610000045 Office Code no.: 801011008
7. Details of works.

**Details of works**

| S. N | Contract Id No. | Description of Works | Estimated Amount (without VAT & Contingency) | Bid Security Amount NRs. | Bid Fee Amount NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/NCB/MEDICINE/ GOODS/SRM/2081-082 | Supply of Medicine & Surgical Materials | 3752020 | 108800 | 3000.00 | |

8. The Employer reserves the right to accept or reject, wholly or partly. The employer reserves the right to accept or reject, wholly or partly any reason,whatever.

**Chief Administrative Office**

## Thasang Rural Municipality
## Office Of The Rural Municipal Executive
### Kobang , Mustang

## Invitation for electronic bids

***Date of publication: 2081/11/11 (23rd Feb, 2025)***

1. Thasang Rural Municipality, Office of The Rural Municipal Executive, Kobang, Mustang invites electronic bids from Nepalese duly eligible qualified bidders for the procurement of following works under bids.

| S.N. | Contract No. | Description of Works | Minimum Average Construction Turnover in (Million) | Minimum Work Experience of Similar Size & Nature (Million) | Bid Security (NRs.) | Cost of Bid Documents (NRs) | Bid Capacity in (Million) |
|---|---|---|---|---|---|---|---|
| 1 | TRM/NC B/W/081/ 82-10 | Construction of Administrative Builing of Thasang Rural Municipality, Thasang Rural Municipality-02, Kobang, Mustang | 87.30 | 70.00 | 35,50,000.00 | 10,000.00 | 10.50 |

| | |
|---|---|
| **Bid submission Deadline:** - 12:00 Noon on 2025/03/25 AD | **Bid Opening Date** 13:00 PM on 2025/03/25 AD |
| For Bid document Fee, Account No.: 1680110396600061 (14249) | For Bid Security:Account No.: 1680110396600041 |
| Account Name: Thasang Ga.Pa. Rajaswa Khata | Account Name: Thasang Ga.Pa. (GA 1.1) Dharauti |
| Bank Name: Prabhu Bank, Thasang Branch, Kobang, Mustang | Bank Name: Prabhu Bank, Thasang Branch, Kobang, Mustang |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Thasang Rural Municipality Tel: 9857650412, 9857620024, email: thasangmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***


## साउदी अरेबीयामा रोजगारी

कम्पनी: MAMDOUH JAZY ALAHARBI EST FOR MAINTENANCE CLEANING

Pre Approval Date: 2025/02/21 Chalani No.60233375 LOT No. 319212 City: Saudi Arabia, Riyadh

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 20 | 0 | 1000 | ३६,७७२/– | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/१८ (02 Mar. 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/– कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/– कामदार आफैले | रू. १५००/– कामदार आफैले | नि:शुल्क |

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :– १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**
Govt. Lic. No. 633/063/064
Sinamangal-9, Gaushala Brajeshwori Marg Near to Pashupati Vision, Kathmandu, Nepal.,
Tel No.: 01-4575555, 4575655, Email: ziaintls@gmail.com., Website: www.ziaintlservices.com
Kathmandu: 9851010294, 9811031025, 9814755830, 9841293809, 9869500567, 9807701904

## UAE मा रोजगारीको अबसर

कम्पनी: AMINCO SECURITY SERVICES

Pre Approval Date: 2025/02/21 Chalani No. 60233402 LOT No. 319304 City: Al Qusais Industr

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 30 | 20 | 1600 | ६०,२०४/– | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/१८ गते (02 Mar. 2025) म्यानपावरको कार्यालय बत्तिसपुतलीमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/– कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/– कामदार आफैले | रू. १५००/– कामदार आफैले | नि:शुल्क |

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :– १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**Saugat Employment Service Pvt. Ltd.**
Gov. Lic. No. 1221/074/75
House No. 177, Ram Mandir Marg, Battisputali, Kathmandu, Nepal, Tel: +977-1-4489384
E-mail: saugatemployment1221@gmail.com

## कुवेतमा रोजगारीको अबसर

कम्पनी: READY CLEAN CO. FOR GENERAL CLEANING CONTRACTING OF BUILDINGS, CITIES AND ROADS

Pre Approval Date: 2025/02/21 Chalani No. 60233383 LOT No. 319195 City: Al Fahaheel Block 11

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 2 | 0 | 100 | ४४,७७७/– | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | LIGHT EQUIPMENT DRIVER | 2 | 0 | 135 | ६०,४४९/– | | | | | | | | |

अन्तरवार्ता मिति २०८१/११/१८ गते (02 Mar. 2025) म्यानपावरको कार्यालय बत्तिसपुतलीमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/– कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/– कामदार आफैले | रू. १५००/– कामदार आफैले | नि:शुल्क |

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :– १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**PRATIGYA OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं.: १५२९/०७७/०७८
P.O. Box No. : 5650, Battisputali-09, Gausala, Kathmandu, Nepal, Tel: +977-1-4579480, 4586459
E-mail: overseaspratigya@gmail.com, web: www.pratigyaoverseas.com


## वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको
## अनलाईन बोलपत्र (इ-टेण्डर) को Price Bid आव्हानको सूचना
**(सूचना प्रकाशित मिति:२०८१/११/११)**

यस प्रतिष्ठानलाई आवश्यक उपकरणहरु खरिद गर्न प्रतिष्ठानबाट आव्हान भएको तपशीलमा उल्लेखित बोलपत्रहरुको प्राविधिक मूल्याकंनमा देहाय बमोजीमको बोलपत्रहरु प्रभावग्राही ठहर भएको हुंदा सो बोलपत्रहरुको आर्थिक प्रस्ताव (Price-Bid) यो सूचना प्रकाशित मितिले आठौं दिन मिति २०८१/११/१८ गते विहान ११:०० बजे प्रतिष्ठानको मूख्य कार्यालय, घोपा, धरानमा खोलिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

| क्र.सं. | बोलपत्रको विवरण | बोलपत्र प्रकाशित मिति र पत्रिका | प्रभावग्राही बोलपत्र |
|---|---|---|---|
| १ | (CTVS Equipment (ETO Machine & Modular OT) (IFB:BPKIHS/081/082/37) | २०८१/१०/०३ गतेको हिमालय टाईम्स | M/s. Labline Traders Pvt. Ltd. |
| २ | High End Ultrasound Machine (IFB:BPKIHS/081/082/45) | २०८१/०९/०५ गतेको हिमालय टाईम्स | M/s. Max Meditech System Pvt. Ltd. |

## GURANS RURAL MUNICIPALITY
## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
### Ranimatta, Dailekh
### Karnali province, Nepal

## INVITATION FOR BIDS II

**(First Date of publication: - 2081.11.11 B.S.)**

1. **Gurans Rural Municipality Office** has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. **Gurans Rural Municipality Office** invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the **Gurans Rural Municipality, Ranimatta, Dailekh** Phone N0: 9858020144 & PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| GRM/WORKS/ NCB/4/081/082 | Kanda Markhe Water Supply Project, Gurans-07, Dailekh | NRs. 3000/- | NRs. 23,54,727.86 | NRs. 58,870.00 |
| GRM/WORKS/ NCB/05/081/082 | Upgrading of Mallamod To Bhakunde Eklesal Mimirke Gadgade Road, Gurans-04, Dailekh | NRs. 3000/- | NRs. 40,73,053.88 | NRs. 1,01,830.00 |

**Chief Administrative Officer**


## साउदी अरबमा रोजगार

१. कम्पनीको नाम: Gusan Construction Arabia Co. L.L.C., Saudi Arabia

पूर्व स्वीकृति मिति: 21.02.2025 एल.टी. नं.# 319291 चलानी नं.: 60233407

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker/Labour | 38 | 0 | 1200 | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | २१ दिन | छ | छ | २ बर्ष |

फाईनल अन्तरवार्ता: १८ फागुन २०८१ (2 March 2025)
अन्तरवार्ता हुने स्थान: एस ओ एस मेनपावर सर्भिस प्रा.लि., धापासी, काठमाडौं ।

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | बिदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा खर्च व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु.७००/– कामदारले तिर्ने | रु.१,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १. आफ्नो नाममा भिषाप्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफूलाई कठिनाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४. विदेश जानु अघि अभिमुखीकरण तालिम अनिवार्य लिनु पर्नेछ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ (एक) प्रति आफू संग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SOS MANPOWER SERVICE PVT. LTD.**
Gov.Lic.No.: 80/052/053
Dhapasi, Kathmandu,Near Hotel Shahenshaha
Email: info@sosgroup.com.np, www.sosgroup.com.np
Tel.(Hotline):+977-1-4965986/87, WhatsApp: 9802368332
आफ्नो बायोडाटा र अनुभवका कागजातहरू माथिको WhatsApp मा पठाउनु होला ।


हरेक पन्ध्र दिनमा आइतबार राजधानी दैनिकको पृष्ठ ७ मा 'श्रम रोजगार विशेष' पढ्न नभुल्नुहोला ।

www.rajdhanidaily.com
स्वास्थ्य
राजधानी
का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०
Sunday 23 February 2025



## चीनमा देखियो नयाँ कोरोना भाइरस

छिमेकी मुलुक चीनमा नयाँ कोरोनाभाइरस देखा परेको छ । यो कोभिड-१९ जस्तै मानिसका लागि खतरनाक हुन सक्ने जनाइएको छ ।



# राजधानी दैनिक र नेपाल इन्टरनेसनल हेल्थ सर्भिसको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर

**राजधानी समाचारदाता**
काठमाडौं, १० फागुन

राजधानी न्युज पब्लिकेसन प्रालि र नेपाल इन्टरनेसनल हेल्थ सर्भिसको संयुक्त आयोजनामा शनिबार नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

राजधानी न्युज पब्लिकेसनको केन्द्रीय कार्यालय सरस्वतीनगर, चाबहिलमा सम्पन्न नि:शुल्क स्वास्थ्य शिविरमा एक सयभन्दा बढीले सेवा लिएका थिए । राजधानीमा कार्यरत सञ्चारकर्मी, कर्मचारीसहित स्थानीयले शिविरमा नि:शुल्क स्वास्थ्य सेवा लिएका छन् ।

मधुमेह, थाइराइड, ब्लडप्रेसर, दाँत परीक्षण, नि:सन्तान परामर्शलगायतका सेवा स्वास्थ्य शिविरमा उपलब्ध गराइएको थियो । राजधानी न्युज पब्लिकेसन प्रालिका प्रबन्ध निर्देशक आशिष शेरचनको अध्यक्षतामा सम्पन्न सो स्वास्थ्य शिविरमा विभिन्न रोगका विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।

नेपाल इन्टरनेसनल हेल्थ सर्भिसका चिकित्सकहरू डा. रूपनारायण साह, डा. सञ्जयकुमार ठाकुर, डा. सञ्जीवनी खनिया, डा. सिविका थापासहितका चिकित्सकहरू स्वास्थ्य शिविरमा सहभागी रहेका थिए ।

राजधानी न्युज पब्लिकेसन प्रालि र नेपाल इन्टरनेसनल हेल्थ सर्भिसबीच एक महिनाअघि भएको सम्झौताअनुसार नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरिएको हो । यस्तो स्वास्थ्य शिविर नियमित सञ्चालन गर्ने राजधानीका प्रबन्ध निर्देशक शेरचनले जनाएका छन् । सम्झौताअनुसार राजधानी दैनिकमा कार्यरत सञ्चारकर्मी, कर्मचारीहरूलाई हेल्थ सर्भिसले उपचारमा विशेष छुट दिनेछ ।

हेल्थ सर्भिसका अध्यक्षसमेत रहेका डा. रूपनारायण साहले काठमाडौंमा पहिलोपटक सञ्चालनमा आएको अन्तर्राष्ट्रिय स्तरको मेडिकल सेन्टरले नेपाली जनतालाई रोग लाग्नुभन्दा रोग लाग्न नदिनका लागि यस्तो जनचेतनामूलक कार्यक्रम गर्दै आएको बताए ।

काठमाडौंको जमलमा रहेको हेल्थ सर्भिसले वार्षिक रूपमा गरिने स्वास्थ्य परीक्षण सुलभ मूल्य प्याकेजमै गर्ने डा. साहले बताए । हेल्थ सर्भिसले नि:सन्तान परामर्श, सौन्दर्य परामर्श, दन्त सेवा, कपाल प्रत्यारोपण, स्किन केयर, इको सेवासहितका सेवा दिँदै आइरहेको छ ।







तस्बिर : द्वारिका काफ्ले/राजधानी

## साइबर अपराधबाट बचौं ।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य वा शेयर लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जालमार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।

यस्तो कार्य गर्ने गराउनेलाई कानुनी कारबाही हुन्छ ।
कानुनी कारबाहीबाट आफू पनि बचौं,
अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : सरोज मिश्र